# जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष-१५ , अंक- १०, २०७९ साल असोज ११ गते मंगलबार (Sep 27, 2022) www.janaakash.com.np मूल्य रु १०।-



**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)

मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com


## बिजया दशमीको बेला सवै खुशी हुने वातावरण बनाऔं

**- मोहन कार्की**

नेपालीहरुको महान चाड बिजया दशमी नजिकै आईपुगेको छ। यस पर्वलाई सवै उपल्लो बर्ग देखि तल गरिखाने मजदुर वर्गसम्मले सरल, सहज र खुशी हुने वातवरण बनाउनु पर्नेमा सवै क्षेत्रको दवाव देखिएको छ। चाडवाडमा हुने महँगी, अभाव र काला बजारी जस्ता समस्याले गरिखाने सर्वसाधरण जनतालाई विगतमा असर पार्ने गरेको भनि आउदा दिनमा त्यस्ता खालका समस्या आउन नदिन सम्बन्धित निकायहरुले समयमा नै सावधान गर्न जोड दिएका छन्। केही दिन अगाडी बिभिन्न उपभोक्तावादी संघ, संस्थाले यस्तो यस्तो दवाव दिएका हुन्।




अर्कोतर्फ दशैंको अवसरमा काठमाडौ उपत्यकावाट घर फर्कने मानिसहरुको अत्याधिक चाप हुने गरेको छ। त्यसको लागि सरल र सहज बनाउन नेपाल प्रहरी, ट्राफिक प्रहरी लगायतका निकायहरुले यात्रुहरुको सुरक्षा र सावधानि अपनाउन बढी यात्रु चाप हुने क्षेत्रहरुमा सचेतना डेस्क नै राखेर काम गरिरहेका देखिन्छन्।

विगतमा भन्दा केही सुधारका कामहरु भएको देखिए पनि सर्वसाधरणले अझै पुर्ण सहज र सरल सुरक्षित तरिकाले आनान्दसँग दशै मनाउन पाउने अवस्था आउन सकेको छैन। विजया दशमी आफैमा राम्रो पर्व हो। सवै आफन्तजन भेट्ने ठुला मान्यजनहरुवाट आर्शिवाद लिने सदभाव साटसाट गर्ने पर्व हो। यस पर्वको महत्वलाई संक्षण गर्न पनि सवै मिलेर नकरात्मक बाँकी ६ पृष्ठमा

## १६ औं स्मृति दिवसमा हर्क गुरुङको बहुआयामिक व्यक्तित्वको चर्चा

काठमाडौं। स्वर्गीय डा. हर्क गुरुङको १६ औं स्मृति दिवस भव्य मनाइएको छ। नेपाल पर्वतारोहण संघ (एनएमए) सहित विभिन्न चार वटा संघ संस्थाहरुको संयुक्त आयोजनामा काठमाडौंमा एक कार्यक्रमको आयोजना गरी स्वर्गीय डा. हर्क गुरुङको बहुआयामिक व्यक्तित्वको चर्चा गरिएको हो।

'वर्तमान सन्दर्भमा जनसंख्या, आन्तरिक बसाइसराई र पर्वतीय पर्यटन: एक सिंहवालोकन' शीर्षक सहित आयोजना गरिएको कार्यक्रममा स्वर्गीय डा.




गुरुङका विद्यार्थी प्राध्यापक डा. भीम प्रसाद सुवेदी र डा. योगेन्द्र गुरुङले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा डा. गुरुङले नेपालको भौगोलिक विभाजन, जनसंख्या, बसाई सराई, पर्वतीय पर्यटन र अन्य विभिन्न क्षेत्रमा पुराउनु भएको योगदानको चर्चा गरिएको थियो। "स्वर्गीय डा. गुरुङ यस्ता सर्वस्विकार्य व्यक्तित्व हुनुहुन्थ्यो कि उहाँले बोलेपछि सबैले विश्वास गर्थे। उहाँको योगदानलाई कुनै एक विषयमा मात्रै सीमित गर्नु कठीन छ। नेपालको भविश्य पर्यटन हो भनेर चिनाउने व्यक्तित्व नै उहाँ हो।उहाँले गर्नुभएको अनुसन्धान र प्रकाशित पुस्तकहरुबाट पनियो तथ्य प्रमाणित भएको छ", प्राध्यापक डा. सुवेदीले स्वर्गीय डा. गुरुङबारे भन्नुभयो। बाँकी ६ पृष्ठमा

## डिबी रानापालले पाए मार्सल सेल्फ डिफेन्समा डाक्टरको उपाधि

काठमाडौं। नेपाल सेल्फ डिफेन्स संघका केन्द्रिय अध्यक्ष डिबी




रानापालले युनिभर्सिटि वर्ल्ड कम्ब्याट मार्सल आर्ट कलेज मार्फत डक्टरेटको उपाधि पाएका छन्। नेपाल सेल्फ डिफेन्स संघको आयोजनामा भएको आत्मरक्षा सम्बन्धी तेस्रो अन्तर्राष्ट्रिय सेमिनार तथा हिमालयन हल अफ फेम अवार्ड कार्यक्रममा अन्तराष्ट्रिय सेल्फ डिफेन्सका संस्थापक अध्यक्ष पोल्यान्डका स्टानिस्ल म्याजर्याक र अन्तर्राष्ट्रिय कम्ब्याट मार्सल आर्टस् सोसाइटीका संस्थापक भारतका जगदिश सिंह खत्रीले डा. डिबी रानापाललाई युनिभर्सिटिको पिएचडि मार्सल आर्टको प्रमाणपत्र हस्तान्तरण गरिएको थियो।

महिलाहरूलाई सवल र सक्षम बनाई घरेलु तथा लैंगिक हिंसा न्यूनीकरण कसरी गर्ने, आकस्मिक हमला, सामूहिक झगडा, बलात्कार त्यसैगरी समाजमा हुने विभिन्न हिंसालाई कसरी न्यूनीकरण गर्ने विषयमा राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा उनले पुर्याएको योगदान तथा मार्सल सेल्फ डिफेन्समा आफ्नो कला कौसल र क्षमताको उच्च प्रदर्सन गर्दै बिषय विज्ञता हासिल गरेको कारण युनिभर्सिटि वर्ल्ड कम्ब्याट मार्सल आर्ट कलेजले डा डिबी रानापाललाई पिएचडि डाक्टरको प्रमाणपत्र प्रदान गरेको हो। उनि नेपालको नै पहिलो मार्सल सेल्फ डिफेन्समा डाक्टरको उपाधि पाउने व्यक्ति बनेका छन्।

सन् २०१६ मा स्थापना भएको नेपाल सेल्फ डिफेन्स संघले आत्मरक्षा सम्बन्धी तालिम प्रदान गर्दै आएको छ। नेपालको सातै प्रदेसमा शाखा खोलि मुलुकभर आत्मरक्षा सम्बन्धी तालिम संचालन गर्दै आएको यस संस्थाले अन्तराष्ट्रिय स्तरमा ख्याति समेत कमाएको छ। पछिल्लो समय नेपाली समाजमा महिला हिंसा, बलात्कार जस्ता जघन्य अपराधबाट महिला तथा किशोरीहरू प्रभावित भएकाले उनीहरूको पक्षमा संघले काम गर्दै आएको छ। डिबी रानापाल नेपाल सेल्फ डिफेन्स संघका संस्थापक अध्यक्ष हुन्।

## दशैंलाई भव्य बनाउन यती एयरलाइन्स र राकुटेन भाइबर बीच सम्झौता

काठमाडौं । दशैं नेपालीहरूका लागि अत्यन्तै महत्त्वपूर्ण चाड हो। यस




समय, असत्यमाथि सत्यको विजयको उत्सव मनाउन र देवी, दुर्गाको महिमा गर्न विदेशमा रहेका नेपालीहरू ठूलो सङ्ख्यामा नेपाल फर्कने गर्छन् र यो वर्ष, विशेष 'डाउनलोड एण्ड वीन' क्याम्पेनको साथ आफ्नो प्रयोगकर्ताहरूको दशैं अझ विशेष र भव्य बनाउन राकुटेन भाइबर र यती एयरलाइन्सको साझेदारी सँगै यस विशेष अवसरमा अर्को रमाइलो पक्ष थपिएको।रकुटेनले जानकारी दिएको छ। विश्वको अग्रणी मेसेजिङ एप राकुटेन भाइबर र नेपालको अग्रणी डोमेस्टिक एयरलाइन्स कम्पनी बीचको कुटनीतिक सहकार्य दशैंको सुरुवातसँगै हुने संयुक्त विज्ञप्तिमा उल्लेख छ। उक्त साझेदारीले प्रयोगकर्ताहरूलाई दशैंको उत्साह अनुभव गर्न विशेष चाडपर्व र यात्राको विषयवस्तुमा आधारित स्टिकर प्याकको साथमा आकर्षक विक्ली पुरस्कारहरू जित्ने अवसरहरू बाँकी ६ पृष्ठमा




'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'– *मोहन कार्की*

## सम्पादकीय

# चाडवाडको बेला हुने कालाबजारी रोकौं

नेपालीहरुको महाँन चाड बिजया दशमी तथा तिहार, छड, नेपा सम्वत क्रमश आइराखेका छन् । यस्ता महत्वपूर्ण पर्वहरुमा नेपालीहरुले उल्लेखिय मात्रमा बजारवाट सामान खरिद गर्ने गर्दछन् विगतमा पनि त्यस्तै देखिएको छ । यस्ता चाडपर्वमा राम्रो सोच भएका ब्यापारीहरुले ग्रहकलाई अझै सेवा दिएका पनि भेटिन्छन् । तर कतिपय काला बजारीहरु यस्तै समय पारेर ग्रहक ठगेर धन्दा नै चलाएकाहरु पनि नेपालमा बेला बेलामा देखिने गरेका छन् । त्यस्ता कालाबजारी गर्ने तत्वहरुलाई पटक पटक कारवाही गरेपनि कालाबजारीमा कमी आएको छैन ।

त्यस्ता कालाबजारीहरुलाई निरुत्साहित हुने गरी ग्रहक, उपभोक्ता सम्बन्धित निकायहरुको पनि त्यतिकै चासो हुनुपर्छ र सचेत हुनुपर्ने देखिन्छ । नेपालमा उपभोक्ताको हितमा नाममा खोलिएका उपभाक्तावादी संस्थाहरु त ब्यापारीहरुलाई दुखः दिन र ठुला कम्पनीहरुसँग बार्गेनिङ गर्न मात्र खोलिएका जस्ता देखिएका छन् ।

नेपालको डिडिसी दुधको कम्पनी बन्द गराउन प्रयास गर्ने नेपाल उपभोक्ता मञ्च जस्ता संस्था कुनै बेला स्थापना भएका थिए । उनिहरुको उद्देश्य भारतीय मुलका ब्यापारीहरुले खोलेका नीजि दुध कम्पनीले नाफा कमाउओस भन्ने थियो भलै नेपालमा त्यति बेलाको सरकार अलि अनुसंन्धान गर्ने क्षमता भएको हुनाले त्यस्तो हुन दिएन र नेपालको सरकारको मातहतमा सञ्चालनमा रहेको डिडिसी दुध बच्यो र सञ्चालनमा नै छ ।

अहिले त्यस्तो अवस्था छैन । उपभोक्ताका नाममा सयौ संस्था खोलिएका छन् । तर ब्यवहारमा उपभोक्ताको संरक्षण होइनकी ब्यापारीहरुसँग मिलेर कमाउ धन्दामा लागेका देखिन्छन् । कसैको आग्रह र पुर्वग्रहमा फलानोमा छापा मार्नु पर्‍यो त्यसलाई दुखः दिनुपर्‍यो भनेर प्रयोजित तरिकाले अरुको निर्देशनमा कुद्ने उपभोक्तावादी संस्थाहरु कै बाहुल्यता रहेको देख्न सकिन्छ । यस्ता संघ/संस्था खोल्ने नेपालका मुख्य राजनीतिक पार्टीका कार्यकर्ताहरु छन् र तिनैले असल ब्यापारीलाई दुखः दिने काम गरेका देखिन्छन् । यता बजारमा मुल्यबृद्धि भएको समय गुज्रिएका सामान बजारमा खुलेआम बेचिरहेको गतल ब्यापारीहरुलाई कसैले पनि छुन सक्दैनन् । उता सरकारको मातहतमा रहेको बाणिज्य विभाग अनुगमन गर्ने भनेर कहिलेकाही यस्तै राजनीतिक खोल ओडेका उपभोक्ता संघ/संस्थाहरुको साथमा बजारमा निस्कने गर्दछ ।

जुन आग्रिम जानकारी उपभोक्ता संघ/संस्थाहरुलाई भईसकेको हुन्छ । तिनैले बजारमा काला बजारी गर्ने जतिलाई जानकारी गराईसकेका हुन्छन् । त्यसैले यस्ता अनुगमनहरु नाटकीय मात्र हुन्छन् र उपभोक्तावादी संस्थामार्फत ब्यपारीवाट असुल्न नपाएका ब्यापारी र कम्पनीहरुको मात्र अनुगमन गरेर सरकारी भत्ता पचाउने काम भएको देखिन्छ ।

त्यस्तो हुदैन थियो भने किन प्रत्येक बर्ष आकाश छुनेगरी भाउ बढ्दा त्यस्ता क्षेत्रमा नीतिगत योजना उपभोक्ता संक्षणवादी संस्थाहरुले सरकारलाई सुझाव दिन सक्दैनन् । नेपालमा घरबहाल कर भनेर कर लिन थालिएको दशक वितिसक्यो तर भाडावाललाई नै उक्त कर तिराइन्छ । अर्काको घरमा बस्नुपर्ने ब्यवसाय गर्नुपर्ने भएको हुनाले वाहालवाला पिडित हुदा यस्ता समस्या कहिल्यै उपभोक्ता सरक्षण संस्था र सम्बन्धित निकायले चासो दिदैनन् । घर बहाल बर्षैपिछे बढाउदा मुल्यबृद्धि भएको कुरामा किन सम्बन्धित निकायको ध्यान जादैन ?

समग्रमा, प्रत्येक मुख्य पर्व दशै र तिहारको अवसरमा मुल्यबृद्धि हुन्छ त्यस्ता मुल्यबृद्धि गर्ने समुह नै मिलेका हुन्छन् जस्तै खानेतेल बेच्ने समुह, मशला बेच्ने समुह, कवडा बेच्ने समुह, खाद्यन्न बेच्ने समुह, गाडी बेच्ने समुह,इलेक्ट्रानिक सामान बेच्ने समुह लगायत सवै क्षेत्रमा संघ/संस्थाका नामका ब्यवसायी संस्थाले मिलेर ग्रहक ठग्ने गरिवलाई एकछाक किनेर खान नसक्ने, कुनै सामान किनेर प्रयोग गर्न नसक्ने बनाएका हुन्छन् । यस्ता कामहरु विगत देखिनै हुदै आएका छन् । यसको उपाय ती सम्बन्धित निकायले गर्छ भन्ने विश्वासिलो आधार नभएको हुनाले वास्ताविक उपभोक्तानै जागरुक भएर लाग्नुपर्ने देखिन्छ ।

अवका दिनमा भाउ बढेको कुरा ब्यापारीले गरे भने किन ? कसरी ? कहा ? कस्ले ? केको अभाव ? जस्ता प्रश्न सोधेर बजारमा भइरहेको कालाबजारी गर्नेहरुलाई जनस्तरवाट नै कारवाही नगर्ने हो भने सम्बन्धित निकायले सर्वसाधरणको हित गर्छ भन्ने विश्वास टुटेको छ ।

# सुसंस्कृत राजनीतिमा पत्रकारिता

**विपुल पोखरेल**

नेपाली समाज राजनीतिक रूपमा निकै धुव्रीकृत हुँदै गएको छ। राजनीति सही रूपमा अगाडि बढ्न नसकेका बेला राजनीतिक नेतृत्वबाट हुने स्वार्थकेन्द्रित निर्णयले यसलाई मलजल गरिरहेको छ। अहिलेको पछिल्लो राजनीतिक तथा संवैधानिक घटनाक्रमलाई हेर्दा पनि संविधान र प्रक्रियाका आधारमा भन्दा पनि दलीय आस्थाका आधारमा विश्लेषण गर्दै दुई पक्षमा समाज विभाजित भइरहेको छ। यस्ता घटना त्यसैका प्रभाव हुन् ।

नेपालको राजनीतिले सही गति पक्डन नसकेको दृष्टान्त हेरौँ। जहानियाँ शासन ढालेर प्रजातन्त्र आयो तर टिकेन। अझ राम्रो गर्छु भन्दै राजाले पञ्चायती व्यवस्थाको नाममा निरङ्कुशतन्त्र चलाए त्यो पनि टिकेन। बहुदलीय व्यवस्थाका पुनर्स्थापना भयो, त्यसले पनि अपेक्षित गति लिन सकेन। राजनीतिक अस्थिरता, संसद् विघटन, सत्ताकेन्द्रित गतिविधिले मात्र प्राथमिकता पाउने अवस्था देखियो ।

फेरि राजा सक्रिय भए, अवस्था बदलिएन। संयुक्त जनआन्दोलन भयो, लोकतन्त्र, गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता स्वीकार गरियो, यी कुरालाई व्यवस्थित गर्न संविधान सभाले संविधान बनायो। तर पनि आजका दिनसम्म आउँदा अब त राजनीतिले सही गति लिन्छ कि भनेर आश्वस्त हुने ठाउँ देखिँदैन ।

सम्भवतः यो कुरामा त्यति धेरै विवाद हुँदैन होला। साझा अनुभूति नै होला यो । नेपाली राजनीतिको यो अवस्था बनिरहनुमा राजनीतिक नेतृत्व प्रमुख कारक हो नै। तर सबै दोष राजनीतिक नेतृत्वलाई मात्र दिएर पुग्ला त ? यसमाथि छलफल नहुँदासम्म राजनीतिमा सुधार सम्भव छैन ।

नेपाली पत्रकारिता नेपालको राजनीतिक परिवर्तनको एउटा बलियो साक्षी हो। परिवर्तन केका लागि भएका थिए र परिवर्तनकारीले आफ्ना एजेन्डालाई कत्तिको आत्मसात् गर्न सके यो कुराको चिरफार नेपाली पत्रकारिता हुन सक्छ। पत्रकारिताले यो विषयलाई विश्लेषण गर्दै गयो भने कहाँ कहाँ 'करेक्सन' आवश्यक छ भनेर थाहा हुनसक्छ।

अहिलेसम्मको प्रवृत्तिलाई विश्लेषण गर्ने हो भने नेपाली पत्रकारिताले नागरिक अधिकार भनौँ वा लोकतान्त्रिक पद्धतिका पक्षमा आफूलाई उभ्याउँदै आएको छ। राजनीतिक विषयमा लेख्दै गर्दा दलका गतिविधिलाई 'एक्पोजर' दिने प्रवृत्ति नेपाली पत्रकारिताले देखाउँदै आएको छ। मूलतः यिनै दुई तरिकाबाट नै पत्रकारिताले राजनीतिलाई सघाउने हो ।

प्रजातन्त्र पुनर्स्थापनापछिको अर्थनीतिले पत्रकारिता क्षेत्रमा निजी क्षेत्रको लगानी भित्रयाउनका लागि ढोका खोली दियो। निजी क्षेत्रको प्रवेशसँगै प्रतिस्पर्धात्मक चरित्र नेपाली मिडियाले ग्रहण गर्दै जान थाल्यो। यस्तो प्रतिस्पर्धाले मिडियाका सामग्रीमा समेत विविधता आउन थाले। राजनीतिक विषयवस्तु मात्र प्रमुख शीर्षक बन्छन् भन्ने कुरा समाप्त भयो। यद्यपि राजनीतिसँग जोडिएका सामग्रीहरूले प्राथमिकता भने पाइरहेका छन्, जो स्वाभाविक पनि हो। भ्रष्टाचार, सफलता, विभेद, अन्याय, पीडाजस्ता सामग्रीहरू अब पत्रकारिताका सामग्री बन्ने गरेका छन्। शिक्षा, स्वास्थ्य, सुशासन, निजामतीका विषयहरू पनि महत्वका साथ आउन थालेका छन् । व्यावसायिक प्रतिस्पर्धाको यात्राले पत्रकारितालाई यसरी विविधता र बहुलवादलाई आत्मसात् गर्न सिकाएको छ ।

यो क्षणमा आइपुग्दा पत्रकारिताले अब बिटका आधारमा समाचार लेख्ने, जनशक्ति उत्पादन गर्दै त्यसको अभ्यास गर्न थालिसकेको छ। राजनीतिक बिटको अभ्यास त एउटा महत्वपूर्ण बिटका रूपमा हरेकजसो सञ्चारमाध्यमले गर्दै आइरहेका छन्। राजनीतिक बिटले खासगरी राजनीतिक घटनाक्रमका बारेमा जानकारी दिने, दलहरूका आन्तरिक गतिविधि 'एक्सपोज' गरिदिने, अन्तरकलहले पारेको समस्यामाथि टिप्पणी गर्ने, दलहरूका एजेन्डा कार्यान्वयनको अनुगमन गर्ने, दलहरूका एजेन्डामाथि नागरिक टिप्पणीहरूलाई आवाज दिने, राजनीतिक दलहरूले अघि सारेका चुनावी प्रतिबद्धतालाई कार्यान्वयन गर्ने सवालमा नीति निर्माताको बुझाइको विश्लेषण गर्ने गर्दछ ।

त्यसैगरी, दलहरूको प्रतिबद्धता कार्यान्वयनमा उनीहरूको सक्रियता र प्राथमिकताको मापन गर्ने, सामाजिक मुद्दामा दलहरूको धारणा सार्वजनिक गराउन, संविधानको रक्षाका सन्दर्भमा उनीहरूको भूमिकाको निगरानी गर्ने, संसद्मा दलहरूले खेलेको भूमिकालाई जनताका माझ पुऱ्याउने काम पनि पत्रकारिताले गर्नुपर्ने हुन्छ। मूल रूपमा यी भूमिका नै राजनीतिक बिटमा कलम चलाउने पत्रकारले खेलिरहेको हुन्छ र खेल्नु पर्दछ। यस्तो भूमिकाले नै हो राजनीतिलाई गतिशील बनाउने र जनतासँग राजनीतिलाई जोड्ने। राजनीतिलाई जनतासंग जोड्ने सामर्थ्य राजनीतिक बिटको पत्रकारिताले मात्र राख्दछ भन्दा हुन्छ। अन्यथा राजनीति सीमित टाठाबाठाको कोठाभित्र कैद हुन पुग्छ ।

यति भनिरहँदा राजनीतिक बिटमा कलम चलाउने पत्रकारले नेपाली राजनीतिका आयामहरू, दलहरूको उदय र गतिशीलतासँग जोडिएका घटनाक्रम, उनीहरूका उद्देश्य, चुनावी प्रतिबद्धताजस्ता विषयमा राम्रो अध्ययन गर्नुपर्ने कुरा अति महत्वपूर्ण हुन्छ। दिनदिनका घटना क्रममा कलम चलाउन सक्ने क्षमताले मात्र राजनीतिक बिट सम्हाल्न सम्भव छैन। यो बिट हेर्ने पत्रकारले माथि उल्लेखित सबै भूमिका निर्वाह गर्ने क्षमता र आत्मविश्वास राख्नुपर्दछ ।

आफ्नो लक्ष्य राजनीतिमा सुधारका लागि योगदान दिने हो भन्ने भावनाका साथमा काम गर्नुपर्ने हुन्छ। यति ठूलो दायित्व निर्वाह गर्नुपर्ने भएकोले उसमा अध्ययनशील, फरासिलो, कुरा बुझ्न सक्ने क्षमता, स्रोतको पहिचान गर्न सक्ने क्षमता, सबै प्रकाकार स्रोतसंग आत्मीय क्षमता राख्ने कुशलता, अभिलेखहरूलाई सुरक्षित राख्नसक्ने कला, विश्लेषणमा दखल, तटस्थता कायम गर्न सक्नेजस्ता निश्चित गुणहरू चाहिन्छ। यी र यस्ता गुणको अभावमा कुनै पनि पत्रकारले राजनीतिक बिटमा काम गर्न सम्भव हुँदैन। पत्रकारितामा राजनीतिक बिटको सही ढङ्गले अभ्यास हुँदै गर्दा त्यसले राजनीतिक प्रणालीमा सुधार ल्याउन मात्र होइन, नेपाली राजनीतिले जुन रूपमा अस्थिरताको सामना गरिरहेको छ, त्यसमा सुधार ल्याउनसमेत योगदान पुग्ने आकाङ्क्षा राख्न सकिन्छ। सबै राजनीतिक दल, उनीहरूका सबै गतिविधिप्रति समान धारणा राख्ने, जनताका माझ 'सबै त उस्तै हुन्' भन्ने भावना जागृत गर्ने हो भने त्यसबाट निराशा उत्पन्न हुन्छ, सही बाटो पक्डन सम्भव हुँदैन। दलहरूको गुण दोष केलाएर दलका गतिविधिमाथि निर्मम समीक्षा गरेर जस्ताको तस्तै जनताका बीचमा कुरा पु(याउने विशिष्ट दायित्व यो बिटले निर्वाह गर्न सक्दछ । त्यो आधारमा जनतामा धारणा बन्छ र राजनीतिभित्रको सही पक्षको वकालत जनस्तरबाटै हुन थाल्छ। त्यसो हुँदा खराब प्रवृत्ति निरुत्साहित हुन्छ ।

यति मात्र गर्न सकियो भने राजनीतिक सुधारको यात्रामा ठूलो योगदान हुनेछ। मिडियाले वस्तुनिष्ठ तथ्य तथ्याङ्कको खुराक दिइराख्यो भने जनस्तरको बहस पनि त्यसमा आधारित हुन थाल्छ र त्यसले समाजलाई अहिलेको जस्तो ्वीकरणको बाटोमा जानबाट जोगाउँछ ।

अब छिट्टै नै सङ्घीय तथा प्रदेश तहको निर्वाचन हुँदैछ । यो बेलामा दलका बीचमा आरोप प्रत्यारोपको बाढी नै चलेको छ। अझ नेकपा विभिन्न टुक्रामा विभाजित भएका कारण ती दलका नेताहरूले एकअर्काका विरुद्ध आरोप प्रत्यारोपमा छन्। राप्रपा फुटेको छ, त्यहाँ पनि त्यस्तै अवस्था छ। नेपाली कांग्रेसभित्र गठबन्धनको विषयमा एक खालको बहस छँदैछ। यो बेलामा पत्रकारिताले दलहरूको आरोप प्रत्यारोपलाई स्थान दिने हो भने त्यो क्रम अझै बढ्छ। मिडियामा ठाउँ पाइन्छ भनेर पनि नेताहरूले त्यस्ता अभिव्यक्तिहरू दिन थाल्छन्। तसर्थ, पत्रकारिताले यसरी प्रकट भइरहेका र समय समयमा हुने घृणापूर्ण अभिव्यक्तिलाई ठाउँ दिनु हुँदैन। यसले सामाजिक सद्भावसमेत बिथोल्ने काम गर्दछ। यस्ता कुरामा राजनीतिक बिटको पत्रकारिताले आफूलाई गम्भीर र पूर्ण सचेत बनाउनु पर्दछ ।

घृणापूर्ण अभिव्यक्ति यति धेरै आउन थाल्यो कि अब यसलाई मिडियामा निरुत्साहित गर्न पर्दछ भनेर योजना नै बनाउन पर्ने देखिएको छ। यसै क्रममा यस पटक निर्वाचन आयोगले बनाएको आचारसंहितामा घृणापूर्ण अभिव्यक्तिलाई स्थान दिन नहुने व्यवस्था नै गरेको छ । आयोगले यस्तो व्यवस्था गरेको यो पहिलो पटक हो। राजनीतिक क्षेत्रलाई सही कोर्षमा लैजानका लागि जुन रूपमा बहस हुनपर्ने हो, त्यो हुन सकेको छैन। माफिया, बिचौलिया, नवधनाढ्यको प्रभावबाट राजनीतिलाई मुक्त गर्नुको साटो त्यास्तो प्रवृत्तिलाई राजनीतिमा भित्रयाउन रातो कार्पेट ओछ्याउने प्रतिस्पर्धा छ ।

त्यस्तै पात्र उम्मेदवार बन्ने र नीति निर्माणको तहसम्म पुग्न सहज बन्दै गएको छ। चुनाव निकै महँगो भएका कारण इमानदार कार्यकर्ताहरू निर्वाचनबाट भाग्दै राजनीतिमा समेत निष्क्रिय बन्न थालेको अवस्था छ। आदर्श परिकल्पनाका साथ राजनीतिमा प्रवेश गरेकाहरू स्वतःविस्थापित बन्दै गएका छन्। यो अवस्थामा मिडियाले आफ्नो भूमिकाको समीक्षा गर्नु आवश्यक छ। लगानीको सुरक्षाभन्दा सम्पादकीय स्वतन्त्रता र दायित्वलाई अझ प्रभावकारी बनाउँदै लैजानुपर्ने अवस्था आएको छ। राजनीतिमा हावी हुँदै गएको गलत प्रवृत्तिका विपक्षमा पत्रकारिता उभियो भने मात्र परिवर्तन सम्भव छ ।

लेखक नेपाल पत्रकार महासङ्घका अध्यक्ष हुनुहुन्छ । गोरखापत्र अनलाइन

**अहिलेसम्मको प्रवृत्तिलाई विश्लेषण गर्ने हो भने नेपाली पत्रकारिताले नागरिक अधिकार भनौँ वा लोकतान्त्रिक पद्धतिका पक्षमा आफूलाई उभ्याउँदै आएको छ। राजनीतिक विषयमा लेख्दै गर्दा दलका गतिविधिलाई एक्पोजर दिने प्रवृत्ति नेपाली पत्रकारिताले देखाउँदै आएको छ। मूलतः यिनै दुई तरिकाबाट नै पत्रकारिताले राजनीतिलाई सघाउने हो ।**

**प्रजातन्त्र पुनर्स्थापनापछिको अर्थनीतिले पत्रकारिता क्षेत्रमा निजी क्षेत्रको लगानी भित्रयाउनका लागि ढोका खोली दियो। निजी क्षेत्रको प्रवेशसँगै प्रतिस्पर्धात्मक चरित्र नेपाली मिडियाले ग्रहण गर्दै जान थाल्यो। यस्तो प्रतिस्पर्धाले मिडियाका सामग्रीमा समेत विविधता आउन थाले। राजनीतिक विषयवस्तु मात्र प्रमुख शीर्षक बन्छन् भन्ने कुरा समाप्त भयो। यद्यपि राजनीतिसँग जोडिएका सामग्रीहरूले प्राथमिकता भने पाइरहेका छन्, जो स्वाभाविक पनि हो। भ्रष्टाचार, सफलता, विभेद, अन्याय, पीडाजस्ता सामग्रीहरू अब पत्रकारिताका सामग्री बन्ने गरेका छन्। शिक्षा, स्वास्थ्य, सुशासन, निजामतीका विषयहरू पनि महत्वका साथ आउन थालेका छन् । ब्यावसायिक प्रतिस्पर्धाको यात्राले पत्रकारितालाई यसरी विविधता र बहुलवादलाई आत्मसात् गर्न सिकाएको छ । यो क्षणमा आइपुग्दा पत्रकारिताले अब बिटका आधारमा समाचार लेख्ने, जनशक्ति उत्पादन गर्दै त्यसको अभ्यास गर्न थालिसकेको छ। राजनीतिक बिटको अभ्यास त एउटा महत्वपूर्ण बिटका रूपमा हरेकजसो सञ्चारमाध्यमले गर्दै आइरहेका छन्। राजनीतिक बिटले खासगरी राजनीतिक घटनाक्रमका बारेमा जानकारी दिने, दलहरूका आन्तरिक गतिविधि एक्सपोज गरिदिने, अन्तरकलहले पारेको समस्यामाथि टिप्पणी गर्ने, दलहरूका एजेन्डा कार्यान्वयनको अनुगमन गर्ने, दलहरूका एजेन्डामाथि नागरिक टिप्पणीहरूलाई आवाज दिने, राजनीतिक दलहरूले अघि सारेका चुनावी प्रतिबद्धतालाई कार्यान्वयन गर्ने सवालमा नीति निर्माताको बुझाइको विश्लेषण गर्ने गर्दछ ।**

# नक्कली शैक्षिक प्रमाणपत्र सहित नौ जना पक्राउ

काठमाडौं, काठमाडौंका विभिन्न स्थानबाट नक्कली शैक्षिक प्रमाणपत्र सहित ९ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा पाँचथर मितलाजुन गाउँपालिका ६ घर भई झापा दमक नगरपालिका ५ बस्ने २५ वर्षीय समिर राई, कास्की पोखरा महानगरपालिका १० घर भएका ४० वर्षीय अरूण कार्की, नुवाकोट बेलकोटगढी नगरपालिका ९ घर भई काठमाडौं टोखा नगरपालिका बानियाटार बस्ने २५ वर्षीया राधिका तामाङ, स्याङजा चापाकोट गाउँपालिका २ घर भई काठमाडौं बसुन्धारा बस्ने ३८ वर्षीया सबिता श्रेष्ठ, झापा मेचीनगर नगरपालिका ६ घर भएका ४६ वर्षीय बिदुर प्याकुरेल, काठमाडौं कागेश्वरी नगरपालिका घर भएका २१ वर्षीय सुरज राज खत्री, अछाम मंगलसेन नगरपालिका १२ घर भएका २७ वर्षीय वीरेन्द्र बहादुर रावल, झापा विर्तामोड नगरपालिका ५ घर भएका ४० वर्षीय दिनेश प्रसाई र दमक नगरपालिका ८ घर भएका ४८ वर्षीय सूर्य बहादुर श्रेष्ठ रहेका छन् ।

नेपालस्थित अमेरिकन दुतावासमा ईडीभी २०२१ को नतिजामा नाम निकालेका तर भिसा प्रक्रियाका लागि आवश्यक शैक्षिक योग्यता प्राप्त नगरेका केही व्यक्तिहरुले भिसा प्रयोजनको लागि १०+२ को नक्कली एकेडेमिक ट्रान्सकिप्ट बनाई पेश गरेको भन्ने सूचनाको आधारमा अमेरिकी दूतावाससँगको समन्वयमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उक्त नक्कली एकेडेमिक ट्रान्सकिप्ट

बाँकी ६ पृष्ठमा

# सडक चाहियो भन्दैमा ट्रेकिङ क्षेत्र मास्न हुँदैन : टान अध्यक्ष

सिन्धुपाल्चोक । ट्रेकिङ एजेन्सिज एसोसिएशन अफ नेपाल (टान) का अध्यक्ष निलहरि बास्तोलाले सडक निर्माण गर्ने नाममा ट्रेकिङ क्षेत्र मास्न नहुने बताउनु भएको छ । सोमवार सिन्धुपाल्चोकको जुगल हिमाल रहेको पर्यटकीय क्षेत्र जुगल गाउँपालिकाको मुख्य-मुख्य पर्यटकीय स्थलहरूको फोटो पुस्तक 'गन्तव्य जुगल' सार्वजनिक कार्यक्रममा बोल्दै अध्यक्ष बास्तोलाले यस्तो बताउनुभएको हो । उहाँले पछिल्लो समय पालिकाले सडक बनाउने नाममा ५० वर्ष पुराना पर्वतीय ट्रेकिङ गन्तव्यको अस्तित्व मेटाउने काम गरेको गुनासो गर्नुभयो । अध्यक्ष बास्तोलाले ३१ दिनको पर्वतीय ट्रेकिङ गन्तव्य रहेको अन्नपूर्ण राउन्डलाई सडक बनाउने नाममा भत्काएर अहिले पाँच दिनको बनाइएको भन्दै आपत्ति जनाउनुभयो । उहाँले सडक आवश्यक भयो




भन्दैमा विश्वका १० नम्बरमा पर्ने पर्वतीय ट्रेकिङ गन्तव्यहरूको अस्तित्व मेटाउन नमिल्ने बताउनुभयो ।

अध्यक्ष बास्तोलाले पछिल्लो समय धेरै पर्वतीय ट्रेकिङ गन्तव्यहरू हराउने क्रममा रहेको गुनासो गर्नुभयो । उहाँले विश्वमा प्रचार भएर हजारौं नागरिकलाई रोजगारी दिने पर्वतीय ट्रेकिङ गन्तव्यलाई कायम राखेर वैकल्पिक मार्गबाट सडक बनाउन सल्लाह गर्न आग्रह गर्नुभयो । उहाँले पालिकाले पर्वतीय ट्रेकिङ गन्तव्य भएको ठाउँमा सडक बनाउँदा वा पर्यटन क्षेत्रको विकासका लागि बजेट विनियोजन गर्दा टानसँग सल्लाह गर्नु उचित हुने बताउनुभयो ।

रोजगारीको सिर्जनालगायत अन्य प्रचुर सम्भावना रहेको सिन्धुपाल्चोको जुगल हिमालको प्रचारप्रसार गर्न आवश्यक रहेको अध्यक्ष बास्तोलाको भनाइ छ । उहाँले जुगल हिमालमा पर्वतीय गन्तव्यको लागि प्रचारप्रसार गर्न टानले सहयोग गर्ने पनि प्रतिबद्धता जनाउनुभयो । कार्यक्रममा नेपाल पर्वतारोहण सङ्घका अध्यक्ष निमा नुरु शेर्पाले सरकारले पर्वतीय क्षेत्रलाई राष्ट्रिय उद्योगको रूपमा मान्यता दिए अर्थतन्त्रमा ठूलो योगदान गर्न सक्ने बताउनुभयो । उहाँले पर्वतीय उद्योग जनशक्ति, व्यवस्थापनदेखि आवश्यक पूर्वाधार स्वदेशी भएको र लगानी गर्न अन्य देशसँग सहयोग माग गर्नु नपर्ने उद्योग हुने बताउनुभयो । उहाँले पर्वतीय उद्योग अन्य उद्योगको जस्तो कच्चा पदार्थ बाहिरबाट ल्याएर आधा पैसा विदेशमा पठाउने नभइ विदशीबाट आउने डलरसमेत नेपालमा नै रहने उद्योग भएको बताउनुभयो । नेपालमा पर्वतीय पर्यटनको महत्त्व ठूलो रहेको भन्दै सरकारले पर्वतीय पर्यटन क्षेत्रको विकासमा जोड दिनु आवश्यक रहेको उहाँको भनाइ छ ।

# उपभोक्तामाथि ठगी गरेको पाइएपछि बजार अनुगमन तीव्र

काठमाडौं । उपभोक्तामाथि ठगी गरेको पाइएपछि वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले बुधबार भक्तपुरको मध्यपुर ठिमीस्थित एक डिपार्टमेन्टल स्टोरलाई रु दुई लाख जरिवाना गऱ्यो । विभागको टोलीले अनुगमन गर्दा सो स्टोरले खाद्यवस्तुको 'रिलेबलिङ' गरेको, गुणस्तर, परिमाण, मूल्य र नापतौलमा हेरफेर गरेको पाइएको थियो ।

विभागको अनुमगन टोलीले बिहीबार गुणस्तर, परिमाण र मूल्यमा उपभोक्तामाथि ठगी गरेको पाइएपछि ललितपुरको इमाडोलस्थित एक खाद्य वस्तु बिक्रेतालाई रु दुई लाख जरिवाना गऱ्यो । टोलीले मूल्यसूची, फर्म दर्ता प्रमाणपत्र बिक्री स्थलमा नराखेको भन्दै ललितपुरकै लगनखेलस्थित एक औषधि पसललाई रु ५० हजार जरिवाना गरेको छ । चाडबाड नजिकिएसँगै वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले बजार अनुगमनलाई तीव्र बनाएको छ । पछिल्लो एक सातामा मात्रै विभागले दुई सय ७२ फर्ममाथि अनुगमन गरेको छ । गत साउनदेखि हालसम्म आठ सय ४४ फर्मको अनुगमन गरी एक सय ७५ वटा फर्मलाई जरिवाना गरिएको छ । जरिवानाबाट ३५ लाख ३१ हजार राजश्व उठेको छ । सो अवधिमा २३ लाख ९९ हजार मूल्य बराबरको म्याद गुज्रेका खाद्य वस्तु नष्ट गरिएको विभागले जनाएको छ ।

अनुगमनका क्रममा खरिद बिल नराखेको, दर्ता प्रमाणपत्र देखिने गरी नराखेको, मूल्यसूची नराखेका अधिकांश फर्मलाई विभागले रु पाँच हजार जरिवाना गरेको छ ।

अनुगमन टोलीले कारबाहीमा परेका फर्मलाई दर्ता कागजात अद्यावधिक राख्न, बिक्री बिल लिइ विभागमा उपस्थित हुन, मूल्यसूची र दर्ता प्रमाणपत्र उपभोक्ताले देख्ने ठाउँमा राख्न निर्देशन दिएको छ । विभागले खाद्य वस्तु, तरकारी फलफूल, मिनि मार्ट, फार्मेसी, माछामासु, सूर्तीजन्य एवं मदिरा, डेरी प्रोडक्ट, तयारी तथा थान कपडा पसल, कस्मेटिक तथा मिठाइ पसलमा अनुगमन गरेको थियो ।

विभागका निर्देशक हरि पङ्नेनी चाडबाड नजिकिँदै गर्दा उपभोग्य वस्तुको खरिद बिक्री बढ्ने अवस्थामा उपभोक्ता नठगिउन् भन्ने उद्देश्यले बजार अनुमगनलाई तीव्र पारिएको बताउछन् ।

बजार अनुगमनमा सरकारको उपस्थिति देखाउने र स्वच्छ बजार कायम गर्ने उद्देश्यले अनुगमन गरिरहेको उनको भनाइ छ । विभागले १० वटा अनुगमन टोली बनाएर दैनिक बजार अनुगमन गरिरहेको छ । अनुमगनका क्रममा व्यापारीले बिलबिजक देखाउन नसक्ने, खरिद र बिक्री बिल नभएको, सरसफाइमा ध्यान नदिएकोलगायतका अवस्था भेटिएको थियो । विभागले क्षेत्रगत विज्ञलाई साथमा लिएर अनुगमन गरिरहेको छ । सार्वजनिक बिदाका दिन पनि अनुमगनका लागि विभिन्न स्थानमा टोली खटिइएको निर्देशक पङ्नेनीले जानकारी दिए । बजारलाई व्यवस्थित बनाउन केही दिनअघि विभागले काठमाडौं महानगरसँग पनि छलफल गरेको छ । स्थानीय तहका उपप्रमुख बजार अनुमगन समितिको अध्यक्ष हुने व्यवस्था छ ।


# दशैँमा दुर्गम क्षेत्रमा अत्यावश्यक खाद्यान्न अभाव हुन दिन्नौँ : खाद्य कम्पनी

काठमाडौं । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले कर्णालीलगायत दुर्गम क्षेत्रमा अत्यावश्यक खाद्यान्न अभावका कारण बडा दशैंलगायतका महत्त्वपूर्ण चाडपर्व मनाउन नपाउने स्थिति आउन नदिन भरमग्दुर प्रयास गर्ने जनाएको छ । कम्पनीका कार्यकारी निर्देशक मोहनप्रकाश चन्दले सरकारले दिएको बजेट सीमा परिधिभित्र रही जनघनत्व र आवश्यकताका आधारमा निर्धारण गरिएको कोटाअनुसार खाद्यान्न उपलब्ध गराइने बताउनुभयो ।

दशैंलगायतका चाडपर्वका असरमा दिएको छुटलाई दृष्टिगत गरी तत्कालको आवश्यकताभन्दा बढी खाद्यवस्तुको सङ्कलन गर्ने कार्यले कहीँकतै भीडभाडका घटना भएको हुनसक्ने कम्पनीको भनाइ छ ।

उहाँले भन्नुभयो, आवश्यकता अनुसारको खाद्यवस्तु खरिद गरी सहयोग पुऱ्याउन कम्पनी सबै उपभोक्तासँग हार्दिक आह्वान गर्दछ । उक्त संस्थाले मुलुकका ४१ जिल्लाका ४५ स्थानबाट सहुलियत दरमा चामल, दाल, तेल, नुन, चीन र गेडागुडी लगायतका गुणस्तरीय खाद्यवस्तु बिक्री वितरण गर्दै आएको छ । दशैंलगायतका महत्वपूर्ण चाडका अवसरमा निजी क्षेत्रको तुलनामा अनुभव हुने गरी छुटको व्यवस्था गरिएको जनाउँदै कम्पनीले दुर्गमका जनतालाई सहजरुपमा खाद्यान्न पाउन भन्ने हेतुले विभिन्न स्थानमा बिक्री केन्द्र स्थापना गरिएको जनाएको छ ।

कतिपय दुर्गम जिल्लामा स्थानीय पालिका, वडा, आमासमूह र सहकारीसँग बाँकी ६ पृष्ठमा




# रामेछाप डायरी

## रामेछापबाट बिदा भए प्रजिअ पहाडी

रामेछाप । रामेछापका प्रमुख जिल्ला अधिकारी (प्रजिअ) दीपक पहाडी महोत्तरी गएका छन् भने शोभाकर रेग्मी रामेछाप आउने भएका छन् । एक वर्ष भन्दा बढी जिल्लामा (सिडिओ) प्रमुख जिल्ला अधिकारी भएर काम गरेका पहाडीलाई सरकारले गरेको पछिल्लो सरुवाको क्रममा महोत्तरी पठाएपछि सोमबार कार्यालयमा भएको फेरी भेटौला अर्थात् बिदा भई महोत्तरी गएका हुन् । प्रशासनका कर्मचारीहरुसंग सामूहिक तस्विर खिचाउदै प्रजिअ दीपक पहाडी । उनी गत २०७८ साल असोज महिनामा जिल्ला आएका थिए । कोरोना महामारी लगायतले थिलथिलो पारेको बेलामा उनी जिल्ला आएका थिए । उल्लेखनीय नयाँ काम नगरे पनि प्रजिअ पहाडी विवादमा पर्ने काम पनि गरेनन् । त्यस्तै प्रजिअ पहाडीसगैं केशव निरौला पनि बिदाई भएका छन् । प्रतिनिधि र प्रदेश सभा निर्वाचन नजिकिएका बेलामा जिल्लाको प्रजिअमा हाल गृह मन्त्रालयमा कार्यरत शोभाकर रेग्मी आउने भएका छन् ।

## फेरी भेटौला सन्देश सहित विदा भए रामेछापका नगरपालिकाका प्रमुख प्रसाशकीय अधिकृत लामगादे

रामेछाप । रामेछापको रामेछाप नगरपालिका प्रमुख प्रशासकिय अधिकृतलाई भव्य कार्यक्रम गरी मिति:२०७९ असोज ९ गते विदाई गरिएको छ । अरुवेला विदाई कार्यक्रम राखिने गरेको भएपनि नगरपालिकाले फेरी भेटौला सिर्षक राखी कार्यक्रमको आयोजना गरेको थियो ।

फेरी भेटौला कार्यक्रममा बिभिन्न व्यक्तिहरुले शुभकामना मन्तव्य राखेका थिए । शुभकामना मन्तव्य राख्नेहरुमा कमल बिक्रम कार्की नेपाली काँग्रेस, ढाल बहादुर कार्की नेकपा (एकीकृत समाजवादी पार्टी) धन बहादुर खड्का नेकपा (एमाले) रहेका थिए । उनिहरुले प्रमुख प्रसाशकीय अधिकृत रामचन्द्र लामगादेले नगरपालिकालाई कार्य सम्पादनमा पुऱ्याएको योगनाको प्रसंशा गरेका थिए । त्यसैगरी नगरप्रमुख लव प्रसाद न्यौपान र उप प्रमुख वालकुमारी कार्कीले रामेछाप नगरपालिकामा असल कुशल प्रसाशकीय अधिकृतलाई राख्न चाहादा चाहादै पनि प्रसाशनिक नियम र कानुनको कारण हामीले केही गर्न सकेनौ तर यहावाट गएपछि पनि उहाले हामीलाई सहयोग गर्नुहुन्छ भन्ने



विश्वास लिएका छौ । र उहाको छिट्टै माथिल्लो पोष्टमा बढ्वाको कामना गर्दछौ भनि नजिदै गरेको विजय दशमीको शुभकामना समेत दिएका थिए ।

फरी भेटौला कार्यक्रममा नगरपालिकाका कर्मचारीहरुले बिभिन्न मायाको चिनो र सम्मान पत्रहरुले सम्मान गरिएको थियो भने नगरभित्रका नागरिकहरुले असल प्रसाशक भएको भनि दोसल्ला ओडाएर सम्मान गरेका थिए । फेरी भेटौला कार्यक्रममा पत्रकार तथा अन्य समान्य नागरिकहरुको समेत वाक्लो उपस्थिति रहेको थियो । लामगाधे दुई बर्ष अगाडी रामेछाप नगारपालिकामा प्रमुख प्रशासकीय अधिकृतको पदमा कार्य सम्पादन गर्न आएका थिए । उनले रामेछाप नगारपालिकामा पदभार ग्रहण गरेपछि सेवाग्रहीहरुलाई सहज बनाउन भुमिका निर्वाह गर्दै जनमैत्री सेवा शुरु गर्ने पहिलो दि नै बताएका थिए । भने कार्यपालिका सदस्यहरुवाट सल्लाह र सहकार्यमा अत्याधिक पहल गरेर अगाडी बढ्ने पनि वताएका थिए । नभन्दै लामगाधेले कार्यपालिकामा विवादका कारण कार्यपालिकासमेत बस्न नसकेको समस्यालाई कुशलतापुर्व कार्यपालिका बस्ने वातावरण बनाउन सफल भई अन्य प्रशासनीक क्षेत्रमा उल्लेखनिय सुधार गरी रामेछाप नगारपालिकालाई बागमती प्रदेशको वित्तिय सुधारको क्षेत्रमासमेत १ नम्बर बनाउन सफल भएका थिए । सोही कार्य क्षेत्रमा र जनमैत्री काम गरेको भनि रामेछापका बिभिन्न संघ,संस्थाहरुले समेत भव्य स्वागत गरी बिधाई गरेका हुन् । रामेछाप नगरपालिका, रामेछाप विजनेस एण्ड प्रोफेशनल ओमेन (आरविपी डब्लु रामेछाप) श्री समाज सेवा जागृति महिला बचत तथा ऋण सहकारी संस्था लगायत सम्पुर्ण महिला कर्मचारीहरुद्धारा लामगादेलाई कार्य क्षमताको प्रसंशा गर्दै भव्य स्वागत गरिएको छ। २०७९ असोज ९ गते रामेछापमा मात्रै छुट्टाछुट्टै बिभिन्न कार्यक्रम गरी उक्त सम्मान तथा विधाई कार्यक्रम भएको हो । त्यस्तै निजामति कर्मचारीहरुकै अर्को संस्था कर्मचारी मिलन केन्द्रले मन्थलीमा कार्यक्रम आयोजना गरी त्यहापनि लामगादेलाई भव्य विधाई गरेको हो । उनि रामेछाप नगरपालिकावाट लमजुङको मध्य नेपाल गरपालिकामा सरुवा भएका छन् ।

## मन्थली देवकोटा चोकमा यात्रु सहायता कक्ष सञ्चालनमा

रामेछाप । रामेछापको मन्थलीमा यात्रु सहायता कक्ष स्थापना गरिएको छ । नजिकिएको दशै, तिहारमा यात्रुका समस्यालाई न्यूनीकरण एवं समाधान गर्नको लागि सहायता कक्षको स्थापना गरिएको जिल्ला ट्राफिक प्रहरीका वरिष्ठ नायव निरीक्षक चन्द्रकुमार श्रेष्ठ (फाँजूँ) ले रामेछाप टाइम्सलाई जानकारी दिए । उनले भने 'यात्रुको सहायता र सहयोगको लागि सहज होस् भन्ने उद्देश्यले कक्ष स्थापना गरिएको हो ।' जिल्ला सदरमुकाम मन्थली स्थित देवकोटा चोकमा कक्ष शुक्रबार स्थापना गरिएको हो । उनका अनुसार गत वर्षमा पनि यात्रु निकै समस्यामा परेकाले उक्त समस्यालाई बुझेर यो पटक समयमै कक्ष स्थापना गरिएको हो । सो कक्षमा यात्रुले २४ सै घण्टा सम्पर्क गर्न सकिने श्रेष्ठले बताए । उनले भने 'प्रहरी कार्यालय पुगी बस्दा गाडी छुट्ने, झण्जटिलो हुने हुँदा चोकमै भएमा त्यो समस्या पर्दैन ।'

# एनसीसी बैँक र फोन पे बीच क्यास ब्याक सम्झौता

काठमाडौ । नेपाल क्रेडिट एण्ड कमर्स बैँक (एनसीसी बैँक) र फोन पे बीचदशैँ तिहार लक्षित क्यासब्याक पार्टनरका रुपमा सहकार्य हुने भएको छ।

एनसीसी बैँकले आफ्ना एनसीसी स्मार्ट मोबाइल एप प्रयोगकर्तालाई पहिलो




पटक फोन पे को क्यूआरबाट भुक्तानी गर्दा १० प्रतिशतसम्म अथवा बढीमा रु.१०० सम्म क्यासब्याक अफर प्रदान गर्न लागेको हो ।

उक्त अफर अन्तर्गत सहभागिता जनाउनका लागि सामान खरिद वा विभिन्न किसिमको भुक्तानीका लागि सोही एप मार्फत भुक्तानी गरेको हुनु पर्ने नियम हरेको छ ।

दशैँ र तिहार गरी २ पटक यो अफर संचालन हुने उल्लेख छ। दशैँ लक्षित अफर असोज ७ गते देखि असोज १४ गतेसम्म संचालन हुने बैकले उललेख गरेको छ भने तिहारलाई लक्षित गरी कार्तिक २ देखि कार्तिक ६ गते सम्म संचालन हुने छ ।

देशैभर शाखा सञ्जाल फैलिएको एनसीसी बैंकले ७ वटै प्रदेशमा गरी १५६ शाखा १५ एक्स्टेन्सन काउन्टर र १३९ एटिएम सञ्चालन गरी ग्राहकहरुलाई स्तरीय सेवा प्रदान गर्दै आएको छ। एनसीसी बैंक २५ वर्ष देखि आम नागरिक माझ विश्वासिलो बैकिङ्ग सेवा प्रवाह गर्नुका साथै सामाजिक कार्यहरुमा पनि सक्रीय रुपमा सहभागी हुँदै आएको बैकले उल्लेख गर्ने गरेको छ ।

# गरिमा बैंकले गरयो वृहत वित्तिय कार्यक्रम

काठमाडौ । गरिमा विकास बैंकले मिति २०७९ साल आश्विन ३ गते संविधान दिवसको दिन आफ्नो सबै १२० शाखा कार्यालयहरु र १ एक्स्टेन्सन




काउण्टरबाट वृहत वित्तिय साक्षरता एवं घरदैलो कार्यक्रम तथा चाडपर्वको शुभकामना आदान-प्रदान कार्यक्रम सफलताको साथ सम्पन्न गरेको छ। उक्त कार्यक्रम अन्तर्गत गरिमा विकास बैंकका प्रमुख कार्यकारी अधिकृत, नायव प्रमुख कार्यकारी अधिकृत एवं सम्पूर्ण विभागीय प्रमुख लगायत एक हजार कर्मचारीहरु मार्फत नेपालभर करिब ५०,००० ग्राहक महानुभावहरुलाई विभिन्न बैकिङ्ग सेवा प्रदान गरिएको छ । आउँदै गरेको चाडपर्वलाई ध्यानमा राख्दै पैसाको रेखदेख कसरी गर्ने, सामाजिक संजालबाट हुने सम्भावित ठगीबाट कसरी बच्ने, बचत गर्नुको फाईदाहरु लगायतका विषयहरुको बारेमा सूचना सम्प्रेषण गरिएको थियो। साथै, बैंक खाता खोल्न ईच्छुक ग्राहक महानुभावहरुलाई उहाँहरुको घरआँगनमै बैंक खाता खोलिएको थियो ।

हाल, गरिमा विकास बैंकले नेपालभर १२० शाखा कार्यालय, १ एक्स्टेन्सन काउण्टर एवं ५१ एटिएम मार्फत सरल, सुरक्षित एवं गुणस्तरीय सेवा प्रदान गर्दै आईरहेको छ। साथै, यस विकास बैंकले डिजिटल बैकिङ्ग अन्तर्गत गरिमा डिजि बटुवा, ईन्टरनेट बैकिङ्ग, भिजा डेविट कार्ड, अनलाईन बैंक खाता मार्फत पनि सेवा दिदै आईरहेको छ ।

# ग्लोबल आइएमई बैंकको मुद्दति योजनामा विशेष अफर

ग्लोबल आईएमई बैंकले २ वर्षमै २ गुणा हुने मुद्दति योजना 'ग्लोबल आइएमई धनवृष्टि मुद्दति योजना' सार्वजनिक गरेको छ । यस मुद्दति निक्षेप योजनाअन्तर्गत ग्राहकले २ वर्षमै आफ्नो मुद्दति निक्षेप दोब्बर गर्न सक्ने बैंकले जनाएको छ ।

यस योजनाअन्तर्गत मुद्दति निक्षेप खाता खोल्नको लागि निक्षेपकर्ताले कुनै निश्चित रकम छनोट गर्नुपर्नेछ । २ वर्षको समयावधिमा दोब्बर रकम प्राप्त गर्न निक्षेपकर्ताले हरेक त्रैमासमा छनोट गरेको रकमको १० प्रतिशत रकम जम्मा गर्दै जानुपर्नेछ ।

यस योजनामा सहभागिताको लागि न्यूनतम मौज्दात १०,००० रहेको बैंकले जनाएको छ ।

# नारायणी बैंक र होटल स्टार बिच सम्झौता

चितवन । मिति २०७९/०६/०२ नारायणी डेभलपमेन्ट बैंक लिमिटेड र होटल स्टार चितवन प्रा.लि. बिचनारायणी डेभलपमेन्ट बैंक लिमिटेडका बिशेषधिकार कार्ड (privilege Card) होल्डरहरुलाई होटल स्टार

नारायणी डेभलपमेन्ट बैंक लि.
Narayani Development Bank Ltd.
"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतप्राप्त संस्था"

चितवनप्रा.लि.ले प्रदानगर्ने सेवा सुबिधामा बिषेश छुट दिने सम्झौता सम्पत्र भएको छ । नारायणी डेभलपमेन्ट बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत पशुपति पौडेल र होटल स्टार चितवन प्रा.लि.का अध्यक्ष भेषराज दुवाडी ले उक्त छुट सुबिधाको सम्झौतामा हस्ताक्षर गरेका छन् । नारायणी डेभलपमेन्ट बैंक लिमिटेडका बिशेषधिकार कार्ड (privilege Card) होल्डरहरुले होटल स्टार चितवन प्रा.लि.को सेवा उपयोग गर्दा रुम चार्जमा २० प्रतिशत, खानामा १० प्रतिशत र कार्यक्रम तथा समारोह गर्दा ६ प्रतिशत छुट प्राप्त गर्नेछन । बैंकले बिभित्र बचतकर्ताहरु, शेयरधनीहरु लगायत अन्य सरोकारवालाहरुलाई बिभित्र मापदण्डको आधारमा बिशेषधिकार कार्ड (privilege Card) उपलब्ध गराउने र सो कार्डको आधारमा स्टार होटल वाट लिने सेवामा छुट लिन सक्ने छन। उक्त सम्झौतावाट बैंक तथा होटल दुवै पक्षको ब्यावसायिक सम्बन्ध तथा ब्यावसाय सुदृढ हुने बिश्वास बैंकले लिएको उल्लेख छ।

# कुमारी बैंकको धनवृद्धि मुद्धति निक्षेप योजना : १० हजार राख्नेले पाउनेछन् १० लाख

कुमारी बैंकमा १० हजार रुपैयाँ निक्षेप राख्नेले १० लाख रुपैयाँ पाउने भएका छन् । बैंकले केहि समय अघि 'धनवृद्धि मुद्धति निक्षेप'को नामबाट अघि सारेको यो योजनामा अहिले १० हजार रुपैयाँ राख्नेले १९ वर्ष ९ महिना १६ दिनपछि १० लाख रुपैयाँ प्राप्त गर्नेछन् ।

धनवृद्धि मुद्धति निक्षेप योजनामा न्युनतम १० हजार रुपैयाँ राख्न सकिन्छ । यो खाता खोल्ने निक्षेपकर्ताले १९ वर्ष ९ महिना १६ दिनपछि एकमुष्ठ १० लाख रुपैयाँ पाउनेछन् । बैंकका अनुसार १० हजार रुपैयाँको मुद्धति खाता खोलेपछि

धनवृद्धि
RECURRING FIXED DEPOSIT

हरेक महिना एक हजार रुपैयाँका दरले रकम थप्दै जानुपर्छ । र १९ वर्ष पुगे ९ महिना १६ दिनपछि बैंकले एकमुष्ठ १० लाख रुपैयाँ भुक्तानी दिनेछ । यसमा अधिकतम १० लाख रुपैयाँको खाता खोल्न सकिन्छ, जसमा हरेक महिना सुरुमा खाता खोल्दा राखिएको रकमको १० प्रतिशतले हुन आउने रकम थप्दै जानुपर्नेछ ।

बैंकका प्रमुख कार्यकारी अधिकृत रामचन्द्र खनालका अनुसार बैंकले एसआईपी योजना अन्तर्गत यस्तो मुद्धति खाता अघि सारेको हो । जसमा पाँच वर्ष एक महिना ११ दिनका लागि निक्षेप राखेमा १० गुणा रकम प्राप्त हुनेछ । त्यस्तै, ८ वर्ष ६ महिना २७ दिनका लागि निक्षेप राख्नेहरुले २० गुणा रकम प्राप्त गर्नेछन् । १४ वर्ष ६ महिना १७ दिन निक्षेप राखेमा ५० गुणा रकम प्राप्त हुनेछ ।

बैंकले धनवृद्धि मुद्धति निक्षेपमा खाता खोल्नेहरुका लागि अन्य थुप्रै सुविधाहरु पनि अघि सारेको छ । योजनामा पैसा राख्नेहरुले लोन अगेन्स्ड फिक्स्ड डिपोजिटको सुबिधा पाउनेछन् । जसमा निक्षेपमा राखिएको रकमको ८५ प्रतिशतसम्म ऋण लिन सकिन्छ । निःशुल्क क्रेडिट कार्डको सुविधा समेत उपलब्ध छ । कुमार बैंकले १९८ शाखा कार्यालय, २६ वटा एक्सटेन्सन काउन्टर र ५३ वटा ब्राञ्चलेश बैंकिङ मार्फत वित्तीय सेवा प्रदान गर्दै आईरहेको छ । बैंकको मोबाइल बैंकिङ नेटवर्कमा ७ लाख ग्राहक छन् । बैंकको ग्राहक आधार १२ लाख नाघिसकेको छ । बैंकले बाणिज्य बैंकहरुमाझ निक्षेप, ऋण, शाखा, नाफा र पुँजीका आधारमा १० औं नम्बरमा रहेको दावी गर्दै आएको छ । एक हजार ८ सय ५० जना कर्मचारी रहेको बैंकले अबका दिनमा लघु घरेलु तथा साना उद्यम(एसएमईज)मा केन्द्रित हुँदै रिटेल बैंकिङको बाटोमा अघि बढ्ने योजना बनाएको छ ।

# एभरेष्ट बैंकद्वारा ई-पैंचो फोन लोन सुविधा शुरू

एभरेष्ट बैंकले 'ई-पैंचो फोन लोन' सुविधा सुरू गरेको छ । बैंकले योग्य मानेका ग्राहकहरुले मोबाइल एप 'ईबीएल टच २४' मार्फतविना धितो २ लाख रुपैयाँसम्म कर्जा प्राप्त गर्न सक्नेछन् । ई-पैंचो फोन लोन विभिन्न समयको किस्ताबन्दीमा भुक्तानी गर्न सकिने बैंकले जनाएको छ । बैंकका अनुसार यसमा एक महिना भित्र वा ३, ६, ९ अथवा १२ महिनाका लागि किस्ताबन्दीमा चुक्ता गर्न सकिने सुविधा समावेश छ । यसमा ग्राहकहरुको योग्यता मापनमा विभिन्न प्यारामिटरहरुको प्रयोग गरिएको छ । बैंकबाट गरिएका कारोबार, बैंकमा तलब खाता खोलेको छ या छैन, बक्यौता ऋण लिएको छ या छैन लगायतका अन्य प्यारामिटरको प्रयोग गरिएको बैंकको भनाइ छ । साथै यसमा आफूले लिएको कर्जा चाँडै तिर्न चाहने ग्राहकको लागि ऋणको बक्यौतासहित पूर्व भुक्तानीको विकल्प पनि उपलब्ध रहेको बैंकले जनाएको छ । ई-पैंचो फोन लोनका लागि योग्य ग्राहकहरुले कुनैपनि फोनपे मर्चेन्टमा क्यूआर भुक्तानी गर्दा 'बाइ नाउ प्ले लेटर' सुविधा प्रयोग गर्न सक्ने छन् । यी सेवाहरु लिनका लागि ग्राहकले प्रमाणित इमेल ठेगानाको साथै ई-पैंचो फोन लोनमा दर्ता गर्नुपर्ने बैंकले जनाएको छ । बैंकका अनुसार ई-पैंचो फोन लोनका लागि विभिन्न मापदण्डको आधारमा योग्यता निर्धारण गरी स्वचालित रुपमा कर्जा पाइन्छ। जस्तै तलब खाता, नियमित कारोबार, बैंकसँग कुनै बक्यौता वा ऋण नभएको जस्ता मापदण्ड रहेका छन् । योग्य मानिएका ग्राहकहरुको मोबाइल एपमा इ-पैचो लोन फोन आइकन आउने छ र त्यहाँ दिइएको रजिष्टर बटनमा क्लिक गरी रजिष्टर गरेपछि इमेल प्रमाणिकरण गर्नुपर्ने बैंकले जनाएको छ । इमेल प्रमाणिकरण भएसँगै ग्राहकले रियल टाइममैविना धितो कर्जा लिन सक्ने छन् । 'नेपालमा कर्जा पाउनु निकै कठिन छ । कर्जाको सरल पहुँच बढाउन हामीले योग्य ग्राहकहरुलाई ई-पैंचो फोन लोन मार्फत कर्जा उपलब्ध गराउन लागेका छौं ।

## अर्थ संसार

# सन लाईफ नेपाल पाचौ बर्षमा प्रवेश

काठमाडौ । सन लाईफ नेपाल पाचौ बार्षिकोत्सव सम्पन्न गरेको छ । मिति २०७९ आश्विन ६ गते सन लाइफ नेपाल इन्स्योरेन्स कम्पनीले आफ्नो




स्थापनाको ५ बर्ष केन्द्रीय कार्यलय त्रिपुरेश्वरमा सम्पन्न गरेको हो । उक्त अवसरमा सामाजिक सेवा उत्तरदायित्व अनुरुप विभिन्न कार्यक्रमहरु संचालन गरी मनाउको कम्पनीले जानकारी दिएको छ ।


कम्पनीले देशैभरी रहेका विभिन्न शाखा कार्यालयहरुमार्फत आयोजना गरेको बृहत् रक्तदान कार्यक्रमबाट कुल ५०८ प्रिन्ट रगत संकलन गरेको छ । त्यस्तै विभिन्न अस्तपाल र फरक क्षमता भएका बालबालिकाहरुलाई फलफूल तथा न्यानो कपडा वितरण गरेको कम्पनीले जानकारी दिएको छ ।

साथै सोही अवसरमा बिद्यार्थीसँग बीमाका कुरा कार्यक्रम अन्तर्गत देशका विभिन्न २० भन्दा बढी स्कूल कलेजका १००० भन्दा बढी बिद्यार्थीहरुमाझ बीमा सम्बन्धी चेतना कार्यक्रम संचालन गरेको कम्पनीले उल्लेख गरेको छ। छोटो समयमा धेरै सफलता हाशिल गरेको लाईफ इन्स्योरेन्स कम्पनी मध्य लाईफ नेपाल पनि रहेको छ ।

# नेपाल लाइफमा अव डाइनामिक सिस्टमवाट पैसा तिर्न सकिने

काठमाडौ । नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले ई–सेवा सँगको सहकार्यमा म्थलकष्अ त्तच एबथभलत क्थकतभ संचालनमा ल्याएको छ । आइतबार दिउसो इन्स्योरेन्स कम्पनीको काठमाडौं शाखामा आयोजित एक विषेश समारोहकका बिच कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीण रमण पराजुलीले रिबन काटेर उक्त सेवाको शुभारम्भ गरी उक्त सेवा शुभराम्भ गरेका हुन् ।

नेसनल सेल्स हेड उमापति पोखरेलले म्थलकष्अ त्तच को माध्यमबाट




आफ्नो तथा आफ्नो परिवारको प्रिमियम भुक्तानी गरि सेवाको सुचारु गरे । उक्त सेवा सुचारुका साथै नेपाल लाइफ इन्स्योरेन्स म्थलकष्अ त्तच एबथभलत क्थकतभ सेवा उपलब्ध गराउने नेपालकै पहिलो जीवन बीमा कम्पनी बनेको कम्पनीले दावी गरेको छ। नेपाल लाइफका देशै भरिका शाखा तथा उपशाखाहरूबाट म्थलकष्अ त्तच को माध्यमबाट भुक्तानी गर्न सकिने उल्लेख छ ।

कार्यक्रममा बोल्दै प्रमुख कार्यकारी अधिकृत पराजुलीले आधुनिक प्रविधिको प्रयोगबाट ग्राहकलाई सहज , सरल सेवा उपलब्ध गराउन कम्पनी लागि परेको र आउने दिनहरुमा पनि डिजिटल रुपान्तरणको अभ्यासलाई जारी राख्ने बताएका थिए ।

म्थलकष्अ त्तच एबथभलत क्थकतभ को माध्यमबाट रु २ लाख सम्मको भुक्तानी ६० भन्दा बढी बैङ्क, सहकारी, लघुवित्त तथा मोबाइल वालेट एप्लिकेसनद्वारा सहजै गर्न सकिने उल्लेख छ। अरु छेत्रमा म्थलकष्अ त्तच पहिले देखि नै प्रचलनमा भएपनि जीवन बीमा छेत्रमा भने यो नयाँ अभ्यास हो । हरेक ग्राहकको लागि फरक फरक त्तच बन्ने र भुक्तानी गर्नसाथ आफै सिस्टममा अपडेट हुने विशेषता रहेको उल्लेख छ ।

कार्यकममा नेपाल लाइफका कर्मचारी , अभिकर्ता र ग्राहक महानुभावहरुको बाक्लो उपस्थिति रहेको थियो । कार्यक्रममा बोल्दै ई–सेवाका प्रबन्धक आशिष गौतमले नेपालकै सर्वाधिक विश्वासिलो नेपाल लाइफ इन्स्योरेन्समा यो सेवाको शुभारम्भ गर्न पाएकोमा कम्पनी प्रति कृतज्ञता ब्याक्त गरेका थिए ।

# सिटिजन्स बैंकले ९ प्रतिशत लाभांश दिने

काठमाडौं । सिटिजन्स बैंक इन्टरनेसनलले ९ प्रतिशत नगद लाभांश वितरण गर्ने भएको छ। बैंकको सञ्चालक समितिको बैठकले सेयरधनीलाई गत आर्थिक वर्ष (आव) २०७८/०७९ को मुनाफाबाट हाल कायम चुक्तापुँजीको ९ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव गरेको हो ।

गत आवको असार मसान्तसम्म बैंकको चुक्ता पुँजी १४ अर्ब २० करोड ९ लाख ७४ हजार रुपैयाँ रहेको छ। बैंकले लाभांशवापत कुल १२ करोड ७८ लाख ८७ हजार ६६१ रुपैयाँ सेयरधनीलाई वितरण गर्न लागेको हो ।

उक्त लाभांश नेपाल राष्ट्र बैंकबाट स्वीकृत भई बैंकको आगामी वार्षिक साधारणसभाले पारित गरेपछि सेयरधनीले प्राप्त गर्नेछन् । सिटिजन्स बैंकले हाल १८० शाखा कार्यालय, १३२ वटा एटीएम र ९६ वटा शाखारहित बैंकिङ इकाइमार्फत सेवा दिँदै आएको छ ।

# इसेवा मनी ट्रान्सफरबाट पैसा पठाउँदा घर जित्ने मौका

इसेवा मनी ट्रान्सफरले डिजिटल रेमिट्यान्सको 'मेरो डिजिटल देश' अभियान ल्याएको छ । मुलुककै अग्रणी डिजिटल रेमिट्यान्स कम्पनी इसेवा मनी ट्रान्सफरले डिजिटल रेमिट्यान्सको माध्यमबाट रेमिट्यान्स पठाउँदा लाग्ने शुल्क कम गर्दै, थप रेमिट्यान्स भित्राएर देशलाई समुन्नत बनाउन- मेरो डिजिटल देश अभियान ल्याएको हो ।

एफ वन सफ्ट टावर पुल्चोक स्थित आफ्नै मुख्य कार्यालयमा सम्पन्न प्रेस कन्फेरेन्स मार्फत इसेवा मनी ट्रान्सफरले यस अभियानलाई सार्वजनिक गरेको हो ।

यो अभियान असोज ७ बाट सुरु भएर फाल्गुन ६ सम्म जारि रहने कम्पनीले जनाएको छ । परम्परागत शैलीमा हुँदै आएको रेमिट्यान्स कारोवारलाई डिजिटाइजेसन गर्ने अभिप्रायका साथ यो अभियान सुरु गरिएको कम्पनीले बताएको छ ।

साथै, यस योजना मार्फत डिजिटल रेमिट्यान्सलाई थप बढावा दिन देशको आर्थिक स्थिति बलियो बनाउन र देशमा विदेशी मुद्राको सञ्चितलाइ थप मजबुत बनाउन का लागि पनि ६ महिने यस योजना सार्वजनिक गरिएको कम्पनीले जनाएको छ ।

मेरो डिजिटल देश अभियान अन्तर्गत संसारका जुनै पनि मुलुकमा रहेका नेपालीहरुले नेपालमा इच्छाएको व्यक्तिको बैंक खाता अथवा ६० लाख भन्दा बढी प्रयोगकर्ता भएको इसेवा वालेटमा पैसा पठाई सहभागिता जनाउन सकिने छ ।

साथै, विदेशबाट इसेवा मनी ट्रान्सफर मार्फत आएको नगद रेमिट्यान्स आफ्नो इसेवा वालेटमा प्राप्त गरेर यस योजनामा जोकोही ले पनि सहभागिता जनाउन सकिने कम्पनीले जनाएको छ ।

यस अभियानमा मासिक रुपमा १ जनाले ६ महिना सम्म आकर्षक पुरस्कारहरुको प्याकेज तथा बम्परमा १ जनाले काठमाडौंमा सुविधा सम्पन्न घर प्राप्त गर्न सकिन्छ ।

अभियानबारे आफ्नो धारणा व्यक्त गर्दै इसेवा मनी ट्रान्सफरका जनरल मेनेजर सागर खनालले भने 'आर्थिक विकास बिना कुनैपनि राष्ट्र समुन्नत बन्न सक्दैन । आर्थिक विकासका लागि देश भित्र र बाहिर रहेका सवै नेपालीको योगदान उत्तिकै महत्वपुर्ण छ । अझ रेमिट्यान्स नेपाली अर्थतन्त्रकै महत्त्वपूर्ण हिस्सा रहेको हुनाले विदेशबाट पैसा पठाउने नेपालीको देश बिकासमा भूमिका अतुलनिय हुन जान्छ ।'

उनले भने, 'इसेवा मनी ट्रान्सफर स्थापना कालदेखि नै रेमिट्यान्स पठाउँदा लाग्ने सेवा शुल्क कम गर्दै डिजिटल करोवारका लागि समर्पित रहिआएको सबैलाई यथावत नै छ । आज हामी यस अभियान मार्फत विदेशमा रहनुहुने समस्त दाजुभाइ तथा दिदी बहिनीहरुलाइ डिजिटल र वैधानिक माध्यमबाट देशमा रेमिट्यान्स पठाएर देशको आर्थिक उन्नतिमा योगदान पुर्याउन अपिल गर्दै, विश्वभर भएका नेपालीहरुलाइ देश डिजिटल बनाउने अभियानमा जोड्न हामी मेरो डिजिटल देश सुरु गर्न लागेको जानकारी गराउन चाहान्छौँ ।' मेरो डिजिटल देश अभियानमा नेपाली सिने जगतका महाँ नायक राजेस हमाल समेत जोडिनु भएको छ। उहाँ यस अभियान संग जोडिएर इसेवा मनी ट्रान्सफर संगै देश तथा विदेशमा गइ डिजिटल रेमिट्यान्स सम्बन्धि जागरुकता जनाउने कार्यक्रममा सहभागिता जनाउनु हुनेछ । साथै, चर्चित अभिनेत्री स्वस्तिमा खड्काको पनि प्रवर्दनात्मक बिभिन्न कार्यक्रममा संलग्नता रहने कम्पनीले जनाएको छ । त्यस्तै, अभियान बारे इसेवा मनी ट्रान्सफरका प्रमुख कार्यकारी अधिकृत अजेस कोइरालाले भन्नुभयो, यो अभियानमा विश्वको जुनसुकै ठाँउमा रहेका नेपालीहरु सहभागि हुने र देश डिजिटल बनाउनमा योगदान पुर्याउनु हुनेछ भन्ने कुरामा कम्पनी विश्वस्त रहेको बताएको छ । रेमिट्यान्स पठाई नेपालको जीडीपीमा २२ प्रतिशत भन्दा बढी आर्थिक योगदान दिनुहुने ति समस्त सहयोगी हातको सम्मानमा पनि यो अभियान केन्द्रीत हुने छ । विश्वका बिभिन्न देशबाट नेपालमा पैसा पठाएर देशलाइ यतिठुलो आर्थिक योगदान पुर्याउनु हुने ति सहयोगी हातहरु मध्ये केहि लाई ६ महिने यस अभियानका दौरान हामी विशेष रुपमा सम्मान गर्नेछौं । इसेवा मनि ट्रान्सफरले परम्परागत शैलि तथा डिजिटल माध्यमबाट इसेवा वालेटका ६० लाख भन्दा बढी प्रयोगकर्ताहरु र कुनै पनि बैंक तथा वित्तिय संस्थाको खातामा विप्रेषण रकम भित्राउँदै आएको छ । इसेवा मनि ट्रानसफरले आफ्ना सेवाग्राहीहरुलाई आफ्ना १२,००० भन्दा बढी भुक्तानी केन्द्र तथा इसेवाका १,००,००० भन्दा बढी क्यास प्वाइन्ट मार्फत पनि विप्रेषण भुक्तानी सेवा प्रदान गर्दै आइरहेको छ । सन् २०१९ मा नेपाल राष्ट्र बैंकबाट स्विकृति प्राप्त इसेवा मनि ट्रान्सफर, देशभरका एक करोड दश लाख भन्दा बढी जनसंख्या र एक लाख बढी संस्थाहरुलाई फिनटेकमा आधारित भुक्तानी सेवाहरुको माध्यमबाट सशक्त बनाउँदै आएको एफवान सफ्ट ग्रुपको भगिनी कम्पनी पनि हो ।






# प्रभु बैंकका प्रमुख कार्यकारी शेरचनको अध्यक्षतामा नेपाल रसिया चेम्बरको नयाँ कार्यसमिति चयन

काठमाडौं । नेपाल रसिया चेम्बर अफ कमर्सको २५औं साधारण सभाबाट बैंकर अशोक शेरचनको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरिएको छ । शेरचन प्रभु बैंकका प्रमुख कार्यकारी अधिकृत हुन् ।



शुक्रबार राजधानीमा सम्पन्न साधारणभाले शेरचनको अध्यक्षतामा २६ सदस्यीय कार्यसमिति निर्विरोध निर्वाचित गरेको हो । संघको निवर्तमान अध्यक्षमा नरेशलाल श्रेष्ठ तथा मानार्थ सदस्यमा राजेशकाजी श्रेष्ठ रहेका छन् भने वरिष्ठ उपाध्यक्षमा दिवस अमात्य तथा उपाध्यक्षद्वयमा कुमार कार्की र निमानुरु शेर्पा निर्वाचित भएका छन्।

महासचिवमा विष्णुहरि पाण्डे, कोषाध्यक्षमा यमुना श्रेष्ठ तथा सचिवद्वयमा अनुराग गोयल र अविनाश सिलवाल चयन भएको संघले जनाएको छ । यस्तै, संघको कार्यकारिणी समिति सदस्यहरुमा अमृत खड्का, अनिल मानन्धर, अनुज भट्टराई, दिपकराज भुसाल, डा. विजय थापा, डा. मणिराम पोखेल, डा. उन्नत श्रेष्ठ निर्वाचित भएका छन् ।

कार्यकारिणी समितिका अन्य सदस्यहरुमा गोरे शेर्पा, लोकेश्वरमान जोशी, मनोज रसाइली, प्रवीण गौचन, प्रनिलमान सिंह प्रधान, रवि थापा, रुपक राजवंशी, सञ्चित बज्राचार्य र सरोज पाण्डे रहेका छन् ।

संघका नवनिर्वाचित अध्यक्ष शेरचनले विगतमा ठूलो संख्यामा नेपाली विद्यार्थीले तत्कालीन सोभियत संघमा छात्रवृत्तिमा अध्ययन गरेका कारण नागरिक स्तरमै सम्बन्ध विस्तार भइसकेको स्मरण गर्दै नेपाल रसिया चेम्बरका माध्यमले यसलाई नयाँ आयाम दिन आफूहरु लागिपर्ने बताए ।

# खेलकुद

## नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिता २०७९ को रनिङ ट्रफि प्रदर्शन कार्यक्रम सम्पन्न

काठमाडौं, नेपाल प्रहरी खेलकुद समितिका अध्यक्ष तथा प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहको प्रमुख आतिथ्यमा नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता २०७९ को रनिङ ट्रफि प्रदर्शन कार्यक्रम नेपाल प्रहरी प्रधान कार्यालयको प्राङ्गणमा सम्पन्न भएको छ । कार्यक्रममा प्रहरी महानिरीक्षक सिंहले उक्त टूफि प्रदर्शन गर्दै प्रतियोगितामा सहभागी हुन लागेका खेलाडीहरूलाई टूफि प्रदर्शनीले प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरी विजय हाँसिल गर्न प्रेरणा मिल्ने आशा व्यक्त गर्नुभयो । राष्ट्रिय खेलकुद असोज २८ गतेदेखि औपचारिक रूपमा शुरु हुने भएतापनि हालै सम्पन्न भएको पुरूष क्रिकेटमा नेपाल प्रहरीको क्रिकेट टिमले स्वर्ण पदक जितेर उत्कृष्ट सुरूवात गरिसकेको उहाँले बताउनुभयो । प्रहरी महानिरीक्षक सिंहले प्रतियोगितामा हुने खेलहरूमा नेपाल प्रहरीमा आबद्ध खेलाडीहरूले उत्कृष्ट प्रदर्शन गरी नेपाल प्रहरीको गरिमा उच्च राख्न शुभेच्छा व्यक्त गर्नुको साथै खेलमा सहभागी हुने अन्य १० टिमलाई समेत सफलताको लागि शुभकामना व्यक्त गर्नुभयो । राष्ट्रिय खेलकुदलाई सफल बनाउनु हामी सबैको दायित्व भएकोले नेपाल प्रहरीबाट पूर्ण सहयोग रहने प्रतिवद्धता उहाँले व्यक्त गर्नुभयो । कार्यक्रममा नेपाल ओलम्पियन संघका अध्यक्ष तथा रनिङ टूफी टुर कार्यदलका संयोजक दिपक बिष्टले ट्रफि टुरमा नेपाल प्रहरीले पुऱ्याएको सहयोगप्रति कृतज्ञता व्यक्त गर्दै हालसम्म ३ वटा प्रदेश, नेपाली सेना र नेपाल प्रहरीमा टूफि प्रदर्शनी गरिएको जानकारी गराउनुभयो । नेपाल प्रहरीसँगको समन्वयमा खेलकुद सम्बन्धी कार्यहरू गर्दै आएको स्मरण गर्दै खेलकुदको माध्यमबाट नेपाल प्रहरीले राष्ट्रका लागि पुऱ्याएको योगदानको प्रशंसा गर्नुभयो । राष्ट्रिय खेलकुद परिषद्को आयोजनामा २०७९ असोज २८ गतेदेखि कात्तिक ३ गतेसम्म 'एकताबद्ध देश, खेलकुदको सन्देश' भन्ने मूल नाराका साथ गण्डकी प्रदेशमा सञ्चालन हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता २०७९ को अवसरमा उक्त प्रदर्शनी कार्यक्रम गरिएको हो । कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षकहरू, प्रहरी नायव महानिरीक्षकहरू, रनिङ ट्रफि टुर कार्यदलका सदस्यहरू दिपक श्रेष्ठ, अरूणा शाही र मिरा राई तथा नेपाल प्रहरीको प्रतिनिधित्व गरी राष्ट्रिय खेलकुदमा सहभागी हुन लागेका खेलाडीहरू, वरिष्ठ प्रहरी अधिकृहरू लगायतको उपस्थिति रहेको थियो ।

## यूईएफए नेसन्स लिग : नेदरल्यान्डले बेल्जियमलाई हरायो, डेनमार्कसँग फ्रान्स पराजित, वेल्स रेलिगेसनमा

काठमाण्डौ । यूईएफए नेसन्स लिग फुटबलमा नेदरल्यान्डले बेल्जियमलाई पराजित गरेको छ । कप्तान भर्जिल भान डाइकको गोलमा नेदरल्यान्डले बेल्जियममाथि १-० को जित निकालेको हो । जितसँगै समूह 'ए' चारमा रहेको नेदरल्यान्ड पछिल्लो १५ खेलसम्म अपराजित भएको छ । उसले ६ खेलबाट १६ अङ्क जोडेको छ । बेल्जियम १० अङ्क जोडेर पुछारमा छ । यस्तै, यही समूहको अर्को खेलमा पोल्यान्डले वेल्सलाई १-० ले पराजित गरेको छ । हारसँगै वेल्स रेलिगेसनमा परेको छ ।

यस्तै, अर्को खेलमा डेनमार्कले फ्रान्सलाई हराएको छ । राति भएको खेलमा समूह 'ए' एक मा रहेको डेनमार्कले फ्रान्सलाई २-० गोल अन्तरले हराएको हो । डेनमार्कलाई जित दिलाउन कास्पर डोल्बर्ग र आन्द्रेस ओल्सेनले एक/एक गोल गरे । जितसँगै डेनमार्कले ६ खेलमा १२ अङ्क जोडेको छ । डेनमार्क समूहको दोस्रो स्थानमा रहेको छ फ्रान्स ५ अङ्क जोडेर तेस्रो स्थानमा रहेको छ । यही समूहको अर्को खेलमा क्रोयसिया विजयी भएको छ । क्रोयसियाले अस्ट्रियालाई ३-१ गोल अन्तरले पराजित गरेको हो । यसैगरी, समूह 'सी' तीनको खेलमा अजरबैजानले कजाकस्तानलाई ३-० ले हराएको छ । यो समूहमा रहेका स्लोभाकिया र बेलारुसले भने एक/एक गोलको बराबरी खेलेका छन् । यस्तै, समूह 'डी' एकमा रहेका एन्डोरा र लातेभियाले पनि एक/एक गोलको बराबर खेलेका छन्। यो समूहको मोल्दोभाले भने लिचटेनसियालाई २-० गोल अन्तरले पराजित गरेको छ। यस्तै, समूह 'सी' का खेलमा फारोइ आयरल्यान्डले टर्कीलाई २-१ ले हराएको छ भने लक्जमवर्गले लुथुनियालाई १-० गोल अन्तरले पराजित गरेको छ ।

## प्रशिक्षक हटाउनु पर्ने माग गर्दै १५ स्पेनिस महिला फुटबलरले दिए राजीनामा

स्पेनिस महिला राष्ट्रिय फुटबल टिमका १५ जना खेलाडीले प्रशिक्षक जर्ज भिल्दालाई हटाउन माग गरेका छन् ।

भिल्दा टिममा रहँदा आफूहरुको मानसिक स्वास्थ्य र भावनात्मक स्थितिलाई नकरात्मक प्रभाव पारेको भन्दै उनीहरुले राष्ट्रिय टिमबाट राजीनामा दिएका हुन् । उनीहरुले प्रशिक्षकको रणनीति, निर्णय र पछिल्लो समयको नतिजाले आफूहरुलाई चित्त नबुझेको भन्दै बिहीबार राजीनामा दिएका हुन् ।

रोयल स्पेनिस फुटबल फेडेरेसन (आरएफईएफ)ले भने खेलाडीलाई राष्ट्रिय टिमको प्रशिक्षक माथि प्रश्न उठाउने अधिकार नभएको बताएको छ । उसले भनेको छ, 'प्रशिक्षकको विषयमा निर्णय लिने काम उनीहरुको जिम्मेवारी भित्र आउँदैन । यसरी निर्णय लिनु फुटबलमा द्वन्द्व पैदा गर्नु हो । यो फुटबल विकासका लागि हानिकारक छ ।'

फेडेरेसनले राजीनामा दिएका खेलाडीको माग अनुसार प्रशिक्षक नफेरिने भन्दै उनीहरुलाई टिममा नबोलाउने पनि बताएको छ । टिममा फर्कन चाहेमा उनीहरुले माफी माग्नु पर्ने शर्त फेडरेशनले अघि सारेको छ ।

'यो एक गम्भीर अनुशासन उल्लंघन हो । यसका कारण उनीहरुलाई ५ वर्षको प्रतिबन्ध पनि लगाउन सकिन्छ', फेडेरेसनले भनेका छ ।

यो घटना विश्वभरको महिला तथा पुरुष फुटबल फुटबलमा एक अकल्पनीय घटना भएको भन्दै फेडरेशनले उनीहरुको सट्टामा अब युवा खेलाडीलाई टिममा राख्ने तयारी गरेको छ । 'कति धेरै युवा खेलाडी छने, जसले स्पेनिस जर्सी लगाएर खेल्नमा गौरव गर्छन', फेडेरेसनले भन्यो ।

४१ वर्षीय प्रशिक्षक भिल्दा २०१५ देखि राष्ट्रिय टिमको प्रशिक्षकको रुपमा कार्यरत छन् । उनकै प्रशिक्षणमा स्पेनिस महिला टिम २०२२ को युरोमा क्वाटर फाइनलसम्म पुगेको थियो । स्पेनले घरेलु मैदानमा अक्टोबर ७ र ११ मा स्विडेनसँग दुईवटा मैत्रीपूर्ण खेल खेल्ने तयारी छ ।

## १६ औं........

भुगोलविद्, नेपालको पहिलो पर्यटन मन्त्री, एनएमएका संस्थापक एवं संस्थापक सल्लाहकार स्वर्गीय डा. गुरुङको १६ वर्षअघि बन्यजन्तु संरक्षण सम्बन्धित कार्यक्रममा सहभागी भएर फर्कने क्रममा ताप्लेजुङको घुन्सामा हेलिकप्टर दुर्घटनामा परी देहान्त हुनु भएको थियो । उहाँकै सम्झनामा एनएमएस हित गुरुङ पर्यटन व्यवसायी संघ, नेपाल (जिटिन), तमू बौद्ध सेवा समिति र न्यु एराले संयुक्त आयोजना स्मृति सभाको आयोजना गरेको हो । कार्यक्रममा एनएमएका अध्यक्ष निमा नुरु शेर्पाले स्वर्गीय डा. गुरुङ नेपाली पर्वतीय पर्यटनका प्रणेता भएको बताउनु भयो । "नेपालको पर्वतीय पर्यटनलाई व्यवस्थित बनाउने मात्रै हैन उहाँ मन्त्री हुँदा एनएमए मार्फत प्राप्त कार्डलाई मान्यता प्रदान गरी यस क्षेत्रमा कार्यरत पर्वतीय पथ प्रदर्शक र अन्य कर्मचारीहरुको भविश्यलाई सुनिश्चित गर्ने काम उहाँले गर्नुभएको छ", अध्यक्ष शेर्पाले भन्नुभयो, "उहाँ नहुनु भएको भए सम्भवत हामी र नेपालको पर्वतीय पर्यटन अहिलेको अवस्थामा आइपुग्ने थिएन ।"

कार्यक्रममा नेपाली पर्यटन क्षेत्र र विभिन्न संघ संस्थाहरुसँग सम्बन्धित व्यक्तित्व हरुको सहभागीता रहेको थियो । जिटिनका अध्यक्ष पिताम्बर गुरुङले सञ्चालन गर्नुभएको कार्यक्रममा न्यू एराकायोगेन्द्र प्रसाईले सहभागीहरुलाई धन्यवाद व्यक्त गर्नु भएको थियो ।

## सूर्य....

प्रदान गर्ने उल्लेख छ । दशैंमा प्रयोगकर्ताहरूले आफ्ना कुराकानीमा थप रङहरू भर्दै चार विशेष बम्पर पुरस्कारहरू जित्ने सुनौलो अवसर समेत प्राप्त गर्नेछन् । पुरस्कारहरूमा काठमाडौं देखि भैरहवा, पोखरा, र जनकपुरको निशुल्क हवाइ टिकट र भाग्यशाली विजेताका लागि माउन्टेन फ्लाइट टिकट समावेश गरिएको छ जुन कुनैपनि भाग्यशाली विजेताका लागि जीवनभरको अनुभव हुनेछ ।

उक्त योजनामा भाग लिनका लागि प्रयोगकर्ताहरूले भाइबरमा उपलब्ध यतीको उडान नामक स्टिकर प्याक डाउनलोड गर्नपर्ने छ र हरेक हप्ता राफेल ड्र मार्फत एकजना विजेता छनोट गर्ने उल्लेख छ । विजेताहरूको घोषणा यती एयरलाइन्सको आधिकारिक भाइबर च्यानल र सामाजिक संजाल मार्फत गरिने उल्लेख छ ।

## नक्कली.....

सहित शैक्षिक प्रमाणपत्र बनाउने कार्यमा संलग्न दिनेश र सूर्य बहादुरलाई ईलाका प्रहरी कार्यालय दमक झापा र ईलाका प्रहरी कार्यालय अनारमनी झापाको समन्वयमा पक्राउ गरेको हो । उनीहरुलाई लिखत सम्बन्धि कसूरमा आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी परिसर टेकु काठमाडौंमा पठाइएको छ ।

## दशैं...

मिलेर सहुलियत दरमा सरल ढङ्गबाट अत्यावश्यक खाद्यान्न उपलब्ध गराउन कम्पनीको प्रयास जारी छ ।

चाडबाडअघि नै अत्यावश्यक खाद्यान्न उपलब्ध गराउन टेण्डर भई ढुवानीको काम सुरु भइसकेको जनाउँदै कम्पनीले टेण्डर नपरेका कतिपय स्थानमा भने छोटो प्रक्रियाका आधारमा हेलिकप्टरद्वारा पुऱ्याइने जनाएको छ । कम्पनीबाट सञ्चालन गरिएको सुपथ मूल्य पसलको बिक्रीवितरण र मागको आकर्षण रहेको जनाउँदै काठमाडौं उपत्यकालगायतका सहरमा अनलाइन मागका आधारमा घरदैलोमै सेवा दिइरहेको जनाएको छ ।

कम्पनीबाट उपलब्ध हुने खाद्यान्न बजारमूल्यका तुलनामा निकै सस्तो रहेको जनाउँदै उहाँले वर्षैभर सहुलियत प्राप्त गर्ने सोच भने त्याग्न जरुरी रहेको बताउनुभयो । दशैंमा काठमाडौं उपत्यकामा हुने खसीबोकाको बिक्रीवितरणमा मूल्य सन्तुलन गर्न कम्पनीले मुलुकका विभिन्न क्षेत्रबाट खरिद गरी बिक्रीवितरण गर्दै आएको छ । यसअघि कम्पनीले २०५८ सालसम्म चीनको तीब्बतबाट भेडा ल्याएर बिक्री वितरण गर्ने गर्थ्यो । केही वर्षअघिसम्म मनाङ र मुस्ताङबाट च्याङ्ग्रा ल्याएर बिक्री गर्दै आएकामा मुलुकमा कोरोना सङ्क्रमणको घटनापछि त्यो काम रोकेको छ ।

## विजया......

सोचहरुलाई हटाउन सवै क्षेत्रवाट पच्यास गर्नुपर्ने देखिन्छ ।

सवै मिलेर नकरात्मक कुराहरु हटाउदै सकरात्मक कुराहरु अगाडी बढाएर सदभाव एकता आनान्द भयरहित वातावरणमा दशै पर्वलाई मनाउन सकेमा सवै नेपालीहरु खुशी हुन सक्छन् यो अवसरमा उच्च सोच राखेर नेपाली नेपालीहरुले नेपालको व्यवस्थापन, नेपालको प्रशासनिक क्षेत्र, राज्यका निकायहरु, व्यवसायीहरु, आम उपभोक्ता सवै सचेत भई एकले अर्काको समस्या बुझेर मित्रपुर्ण व्यवहार गरेर मनाउने दशैले नै सवैलाई खुशी दिन सक्छ । यस्तो सवैलाई दुशी दिने पर्वको रुपमा दशैलाई विकास गर्नुपर्ने आजको आवश्यता देखिन्छ ।

# निर्वाचन खर्च विवरण नबुझाउनेलाई एकपटक मौका दिन गाउँपालिका महासंघको आग्रह

काठमाडौं- गाउँपालिका महासंघले प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाललाई भेटेर समयमा निर्वाचन खर्च विवरण नबुझाउने उम्मेदवारमाथि थालिएको कारबाहीप्रति ध्यानाकर्षण गराएको छ ।

सोमबार महासंघका अध्यक्ष होमनारायण श्रेष्ठ र महासचिव वंशलाल तामाङसहितको टोलीले आयोगको ध्यानाकर्षण गराएको हो। भेटपछि गाउँपालिका महासंघले स्थानीय तहको निर्वाचनमा उम्मेदवार भइ कानुन बमोजिम बुझाउनुपर्ने निर्वाचन खर्चको विवरण नबुझाउने उम्मेदवारलाई कारबाही गर्ने सम्बन्धमा खुकुलो बनाउन माग गरे ।

ज्ञापनपत्र बुझ्दै प्रमुख आयुक्त थपलियाले आयोगले विद्धमान कानुनलाई कार्यान्वयन मात्र गरेको बताए । उनले तीनवटा विकल्पबाट मात्र यो समस्या समाधान हुने जानकारी पनि भेटमा गराएको विज्ञप्तिमा उल्लेख छ ।

कारबाही सच्याउनका लागि निर्वाचन ऐन २०७३ लाई तत्काल अध्यादेश ल्याएर संशोधन गर्ने, राष्ट्रपतिले नेपाल सरकारको सिफारिसमा जरिवाना मिनाहा गर्ने र हाललाई जरिवाना कसैले पनि नबुझाउने र निर्वाचन पश्चातको संसद्बाट कानुन संशोधनको लागि पैरवी गर्ने विकल्प रहेको उनले सुझाव दिएका छन् ।

वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा उम्मेदवार भइ कानुनबमोजिम बुझाउनुपर्ने निर्वाचन खर्चको विवरण नबुझाउने उम्मेदवारलाई कारबाही गर्ने सूचना जारी गरेपछि महासंघले निर्वाचन आयोगसँग छलफल गरेको हो ।

'विधिको शासन र कानुनको परिपालना सबैले गर्नुपर्दछ। यसमा कुनै प्रश्न खडा हुन सक्दैन। कानुनको अज्ञानता क्षम्य पनि हुँदैन,' महासंघको विज्ञप्तिमा भनिएको छ, 'तर, कानुनको व्यवहारिक कार्यान्वयन र परिपालना गर्ने सन्दर्भमा कानुनमा उल्लेख भएका प्रावधानअनुसार कहिलेकाहिँ व्यवहारिक र परिस्थितिजन्य समस्या उत्पन्न हुन जान्छ र कानुन कार्यान्वयन तथा परिपालना दुवैमा समस्या उत्पन्न हुन्छ ।'

भूलवश कानुन पालनामा त्रुटि भए सच्चिने मौका दिने न्यायको सिद्धान्तभित्रै पर्ने भन्दै स्थानीय तहमा कतिपय उम्मेदवारलाई खर्च विवरण नबुझाए कारबाही हुने कुरा जानकारी नै नभएकाले पनि समस्या भएको गाउँपालिका महासंघका प्रतिनिधिले बताएका छन् । स्थानीय तहको निर्वाचनमा उम्मेदवार भइ कानुन बमोजिम बुझाउनुपर्ने निर्वाचन खर्चको विवरण नबुझाउने १ लाख २३ हजार ६ सय २४ जना उम्मेदवारलाई कारबाही गर्ने आयोगले यसअघि सूचना जारी गरेको थियो ।

परिस्थितिजन्य समस्याको समाधान गर्न एकपटकको लागि पुनर्विचार गरी विभिन्न कारणले निर्वाचन खर्चको विवरण नबुझाएका र बुझाउन नसकेका उम्मेदवारलाई खर्चको विवरण पेस गर्न पुनः केही दिन समय दिन उनीहरुले माग गरेका थिए । उनीहरुको जवाफमा प्रमुख आयुक्त थपलियाले कानुन व्यवस्था संशोधन हुनुपर्ने उल्लेख गरेका थिए। महासंघले उक्त पत्रको बोधार्थ प्रधानमन्त्री, गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पनि दिएको छ । त्यस्तै नेकपा एमाले, नेपाली कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीलाई पनि बोधार्थ दिइएको छ ।

# चाडपर्वको अवसर पारेर बाल्ट्राको बाल्ट्रा बम्पर बबाल उपहार योजना

काठमाडौं । चाडपर्वको अवसरमा बाल्ट्राले आफ्ना ग्राहकलाई लक्षित गर्दै 'बाल्ट्रा बम्पर बबाल' उपहार योजना ल्याएको छ । यो योजना अन्तर्गत बाल्ट्राको कुनै पनि उत्पादन खरिद गर्दा लक्की ड्र मार्फत् हरेक हप्ता पाँच जनाले एक सेट इन्डक्सन चुल्हो प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ । चल्होका साथमा इन्डक्सन कूकटप, प्रेसर कुकर र कडाई पनि पाउने बाल्ट्राले जनाएको छ । साथै बम्परमा भाग्यशाली पाँच जनाले एक/एक तोला सुन जित्न सक्नेछन् । नेपालभर रहेका बाल्ट्राका आधिकारिक बिक्रेता (डिलर, रिटेलर, एक्स्क्लुसिभ शोरुम तथा अनलाइन रिटेलर) बाट बाल्ट्राका जुनसुकै उत्पादन खरिद गर्ने ग्राहक यो प्रतियोगितामा सहभागी हुनसक्ने बाल्ट्राले जनाएको छ । उपहार दाबी गर्नका लागि विजेताले सामान खरिद गरेको भ्याट/प्यान बिल ल्याउनुपर्ने छ । साथै उपहारमा लागू हुने कर विजेता आफैंले व्यहोर्नुपर्ने बाल्ट्राले जनाएको छ ।

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी


एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :




१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :

१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"
उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

## अन्तराष्ट्रिय समाचार

### एक मस्जिदमा बिस्फोट हुँदा सातको मृत्यु

अफगानिस्तानको काबुलस्थित एक मस्जिदमा कार बम बिस्फोट हुँदा कम्तिमा सात जनाको मृत्यु भएको छ । सो विस्फोटमा परेर कम्तिमा ४० जना घाइते भएका छन् । शुक्रबारको नियमित प्रार्थनाका क्रममा भएको श्रृंखलावद्ध बम बिस्फोटमा ती व्यक्ति मारिएको अन्तर्राष्ट्रिय समाचार संस्थाहरुले जनाएका छन् । तालिवानी अधिकारीहरुका अनुसार गम्भीर घाइतेहरु धेरै भएकाले मृतकको संख्या अझै बढ्नसक्ने छ । सो बिस्फोटका हालसम्म कसैले पनि जिम्मा लिएको छैन । आन्तरिक मन्त्रालयका प्रवक्ता अब्दुल माफी टकोरले मस्जिद नजिकै मुख्य सडकमा बिस्फोट भएको र सो घटनाको अनुसन्धान भइरहेको बताउनुभयो । नमाज पढेर मस्जिदबाट बाहिर निस्कने क्रममा सो बिस्फोट गराइएको काबुलका प्रहरी अधिकारीहरुले जनाएका छन् । काबुलस्थित राष्ट्रसंघीय मिसनले बिस्फोटले अफगानिस्तानमा जारी असुरक्षा र आतंकवादी गतिविधिको तीतो सम्झना भएको जनाएको छ । पछिल्ला महिनाहरुमा शुक्रबारको प्रार्थनालाई लक्षित गरी लगातार बिस्फोट हुँदै आएका छन् । तर, ती बिस्फोटका घटना नियन्त्रण गर्न तालिवानी सरकार असफल भएको भन्दै चर्को आलोचना भएको छ । सन् २०२० मा वजीर अकबर खान मस्जिदमा भएको बिस्फोटमा परेर मस्जिदका प्रार्थना नेतासहित दुई जनाको मृत्यु भएको थियो ।

### डुंगा दुर्घटना हुँदा ३४ जना शरणार्थीको मृत्यु

लेबनानबाट शरणार्थीहरु लिएर गईरहेको डुंगा सिरियाको समुद्री तटमा दुर्घटना हुँदा दर्जनौंको मृत्यु भएको छ । सोही दुर्घटनामा ३४ जनाको शव फेला परेको सिरियाको स्वास्थ्य मन्त्रालयले जनाएको हो । साथै जीवितै उद्धार गरिएका २० जनालाई भने उपचारका लागि अस्पताल भर्ना गरिएको छ । गत मंगलबार लेबनानको उत्तरी मिन्ये क्षेत्रबाट लेबनानी, सिरियाली तथा प्यालेस्टाइनी शरणार्थीहरु लिएर गएको डुंगा सिरियाली तटमा पुगेपछि पल्टिएको हो । डुंगामा कति जना सवार थिए भन्ने स्पष्ट नभए पनि १ सय ५० जना भन्दा बढी शरणार्थीहरु रहेको अनुमान गरिएको छ । लेबनानको आर्थिक अवस्था नाजुक बनेपछि लेबनानी तथा त्यहाँ बस्दै आएका शरणार्थीहरु युरोपेली देशतर्फ भाग्ने क्रममा दुर्घटना भएको हो । आर्थिक संकटका कारण लेबनानमा दशौं हजारले रोजगारी गुमाएका छन् । साथै लेबनानी पाउण्डको मूल्य ९० प्रतिशतले गिरावट आएको छ । पछिल्ला केही महिना यता दशौं हजार लेबनानी तथा त्यहाँ रहँदै आएका अन्य देशका शरणार्थीहरु युरोप तथा अमेरिकातर्फ भाग्न अनेक उपाय लगाउने गरेका छन् । लेबनानमा १० लाख बढी सिरियाली शरणार्थी मात्रै रहेका छन् ।

### हजारौं रुसी नागरिक देश छाड्न आतुर

रुसी राष्टूपति भ्लादिमिर पुटिनले युक्रेन युद्धका लागि थप जनशक्ति भर्ति गर्ने घोषणा गरेपछि युद्धमा जाने उमेर समूहका पुरुषहरु देश छाड्नका लागि सीमा क्षेत्रतिर लाइन लागेका छन् । जर्जियाको सीमा क्षेत्रमा देश छाड्न चाहनेहरुको लामो लाइन लागेको दावी पश्चिमा मिडियाले गरेका हुन् । पुटिनले केही दिन अघि ३ लाख नयाँ भर्ति गर्ने कार्यक्रम ल्याउनुभएको थियो । हातमा पासपोर्ट बोकेका पुरुषहरुले सरकारले आफूहरुलाई पक्कै पनि युद्धमा धकेल्छ भन्ने लागेर देश छाड्न चाहेको बताएका छन् । त्यस्तो लाइन ५ किलोमिटर लामो रहेको दावी गरिएको छ । जर्जिया प्रवेश गर्न रुसी नागरिकहरुलाई भिसाको आवश्यकता नपर्ने भएकाले उनीहरु आफूसँग जे छ त्यही बोकेर सीमानामा पुगेको जनाइएको छ । टूकहरुदेखि साना गाडीको समेत लाइन लागेका छन् । फिनल्याण्डको सीमा क्षेत्रमा पनि लामो लाइन रहेको छ । तर फिनल्याण्ड प्रवेश गर्न भिसा चाहिने भएकाले सजिलो छैन् । त्यस्तै हवाई उडानबाट इस्तानबुल, बेलग्रेड तथा दुबई जान चाहनेहरु पनि उत्तिकै रहेको छ । ती शहरहरुमा जाने हवाई टिकटको भाउ ह्वात्तै बढेको छ । उता, जर्मनीको गृह मन्त्रालयले देश छाडेर आउने रुसी नागरिकहरुलाई स्वागत गरिने जनाएको छ ।

### पूर्वीयुक्रेनका ४ क्षेत्रमा जनमत संग्रहको घोषणा

रुसी नियन्त्रणमा रहेका पूर्वीयुक्रेनका ४ वटा क्षेत्रले रुसमा गाभिने सम्बन्धमा जनमत संग्रह गर्ने घोषणा गरेका छन् । यो घोषणाले ४ क्षेत्रहरूलाई रुसमा गाभ्ने बाटो खोल्ने उल्लेख गरिएको हो । रुसी नियन्त्रणमा रहेका दोनेत्स्क र लुहान्स्क क्षेत्रका अधिकारीहरूले सेप्टेम्बर २३ देखि २७ सम्म मतदान आयोजना गर्ने बताएका छन् । ती क्षेत्रहरुलाई रुसी फौजले युक्रेनमा आक्रमण गर्नु ३ दिन पहिले रुसी राष्टूपति भ्लादिमिर पुटिनले स्वतन्त्र घोषणा गर्नुभएको थियो । त्यस्तै, रुसी नियन्त्रणमा रहेका खेर्सोन र जापोरिजियामा रुसले तोकेका अधिकारीहरूले पनि जनमत संग्रह घोषणा गरेका छन् । उता, युक्रेनका विदेशमन्त्री दिमित्रो कुलेबाले 'नक्कली जनमतसंग्रह' ले केही पनि परिवर्तन गर्न नसक्ने बताउनुभएको छ ।

### भारतको बिहारमा चट्याङ लागेर २१ जनाको मृत्यु

भारतको पूर्वी राज्य बिहारको छुट्टाछुट्टै स्थानमा चट्याङ लागेर २१ जनाको मृत्यु भएको छ । भारी बर्षासँगै चटयांङ पर्दा खेतीपातीमा ब्यस्त रहेका २१ जनाको मृत्यु भएको हो । बिहारका १० जिल्लामा चट्याङ लागेर मृत्यु हुनको संख्या पूर्णिया र अररियामा जिल्लामा बढी रहेको छ । यसैबीच, बिहारका मुख्यमन्त्री नीतिश कुमारले चट्याङ लागेर ज्यान गुमाएका प्रत्येकका परिवारका सदस्यलाई भारतीय रुपैयाँ चार लाख क्षतिपूर्ति प्रदान गर्ने घोषणा गर्नुभयो । बिहारमा पछिल्लो समय भारी बर्षासँगै चट्याँङ पर्ने गरेकोले सचेत रहन, प्रतिकूल मौसममा घरबाहिर ननिस्कन तथा विपद् व्यवस्थापन प्राधिकरणले जारी गरेका चेतावनीको पालना गर्न बिहार सरकारले आग्रह गरेको छ ।

### अमेरिकामा लगातर तेस्रो पटक ब्याजदर वृद्धि

अमेरिकाको फेडरल रिजर्भ बैंकले पुनः ब्याजदर बढाएको छ । यसै वर्ष लगातार तेस्रो पटक ब्याजदर बढाइएको हो । सन् १९८० पछिको सबैभन्दा कठोर निर्णय भन्दै केन्द्रीय बैंकले निरन्तर ओरालो लागेको अर्थतन्त्रलाई जोगाएर देशलाई मन्दीमा जानबाट रोक्ने प्रयास गरिएको बताएको छ । तेस्रो पटक बढाइएको ब्याजदरपछि सापटी दर ३ देखि ३ दशमलव २५ प्रतिशत पुगेको छ । जसका कारण अमेरिकीहरुलाई घर, गाडी, क्रेडिटकार्ड लगायत खरिद गर्न थप कठिनाई हुने छ । फेडरल रिजर्भ बैंकका अध्यक्ष जेरोमी पावेलले ब्याजदर बढाउँदा पनि अर्थतन्त्र लिकमा आउने ग्यारेन्टी नरहेको भन्दै अहिले भोग्नु परेको कठिन अवस्थाले देशलाई मन्दीमा धकेल्छ धकेल्दैन वा मन्दीमा गईहाल्यो भने के कस्तो प्रभाव पर्छ भन्न सकिने अवस्था नरहेको बताउनुभएको छ ।

# पुस्तक-समीक्षा : डा. बस्ताकोटीको 'विसंगत बस्ती' डुल्दा

नम्रता गुरागाईं

तिमीलाई देख्दा पनि छटपटी हुन्छ, नदेख्दा झन् छटपटी हुन्छ,

तिमीलाई लेख्दा पनि छटपटी हुन्छ, नलेख्दा झन् छटपटी हुन्छ ।

औषधिविहीन मनरोग नै रहेछ, अनामिका यो याद भन्ने कुरो,

लाग्छ तिम्रो बाटो छेक्दा पनि छटपटी हुन्छ, नछेक्दा झन् छटपटी हुन्छ ॥

एउटाको प्रेममा डुबेको प्रेमीलाई साँच्चै मायाको गाँजा लागेको हुन्छ होला, जो खाएपछि त लाग्छ नै तर नखाए पनि लाग्छ । कुनैबेला आफैं प्रेममा डुबेको बेला लेखेको हो वा अरूको डुबान क्षेत्रको भित्री गहिराइसम्म पुगेर एउटाले गरेको माया अर्कोले नबुझेको दिक्दारीलाई लेखेको हो थाहा भएन । तर, गफिँदै गरेको शैलीमा लेखेको यो मुक्तकले कुनै पनि प्रेमी प्रेमिकाको मनको भित्रैसम्म पुगेर हल्लाउँछ । साँच्चै मेरै मनको कुरा लेखिदिएको हो झैं लाग्छ ।

मैले ऋषिजीलाई पचासको दशकमै चिनेकी हुँ । मैले चिन्दा उहाँ गजलमा पोख्त हुनुहुन्थ्यो । उहाँले आरबी फ्लेमको साहित्यिक नामबाट 'ज्वालाको रापहरू' भन्ने गजल संग्रह पहिला नै निकालिसक्नुभएको छ । काठमाडौंमा भएका एकाध कवि गोष्ठीमा बाहेक धेरै भेटेको पनि होइन । उहाँको शैक्षिक क्षेत्र पोखरा, मेरो काठमाडौं । तर, त्यही पातलो भेटाइमा सुनेका उहाँका बाक्ला गजलहरूले मलाई पछिसम्म सम्झिरहने बनाएको हुनुपर्छ ।

घर छोडेर पर आएपछि धेरै वर्षको अन्तरालले होला चिनेका धेरैलाई बिर्सिएकी थिएँ तर उहाँलाई बिर्सिनँ । अमेरिका आएको धेरैपछि नेपालीपोष्टमा एउटा मुक्तक पढें । 'माथि पुगेपछि एकदिन तल झर्नुपर्छ' सबै सम्झिरहन सकिनँ तर मुक्तक यस्तै यस्तै भावको थियो । तल क्यानाडा लेखेको रहेछ ।

आफ्नै देशको राजनीतिमा जनतालाई चुनावी भऱ्याङ बनाएर सिंहदरबार छिरेका नेताहरूले फेरि चुनाव नआउन्जेलसम्म जनतालाई नसम्झेको कुरा समाचारमा पढिराखेको र सुनिराखेको बेला त्यो मुक्तकले मेरो मन असाध्यै छोयो । साथीसँग फेरि भेट हुन्छ कि क्या हो भन्ने नलागेको त होइन तर यसरी नजिकै बसिएला, साहित्यिक कुरामा एकअर्कालाई सहयोग गरिएला भन्ने लागेको चाहिं थिएन ।

समयले जुराएको हुनुपर्छ, आज एकैठाउँमा बसेर उहाँका मुक्तकको बारेमा आफ्नो विचार बाँड्न पाएँ, मलाई असाध्यै खुसी लागेको छ ।

म मुक्तकको इतिहास खोतल्नतिर गइनँ । मुक्तकमणि तीर्थ अधिकारीले भन्नुभए अनुसार यो मुक्तक संग्रह रुवाइ छन्दमा लेखिएको हो अरे ! शब्द र भावको संयोजन राम्रो भएकोले सबै मुक्तकहरू सललल बगेका छन् । संग्रहित मुक्तक पढ्दा कतै ढुंगा लाग्दैन । वर्तमानमा मान्छेले बनाउन सक्ने कुरामा पनि ध्यान नदिएको देखेर व्यंग्य गरिएका मुक्तक पढ्दा साह्रै चित्त बुझ्छ । कुनै कुनै पढेर त ठिक्क पऱ्यो, बल्ल तेरो घैंटामा घाम लाग्यो भनूँ जस्तो लाग्छ ।

यी मुक्तकले समस्या मात्र तेर्स्याएका छैनन्, समाधान पनि देखाएका छन् । धेरैजसो मुक्तक आफ्नै देशको बिग्रिएको परिवेशसँग मिल्छन् । देशबाहिर हुँदा पनि देशसँगै एकाकार भएका मुक्तकहरू पढ्दा उहीं बसेर दिनका दिन सामना गरेका असंगत र विसंगतबाट निस्किएका जस्तै लाग्छन् । देश र माटो छोडिँदैमा कहाँ मन छोडिंदो रहेछ र ? नमिलेका कुरा मिलाउन पाए जनताले अलिकति राहत पाउँथे कि भनेर मन उतै अड्केर बसेको छ । पढेका मध्येबाट केही मुक्तकलाई साभार गर्न खोजेकी मात्र छु मैले आज ।

हेर्दाहेर्दैको सेतो हिमाल कालो भयो भने,

च्यातिएको ओजोनको जालो भयो भने ।

सम्झनु कि संकटले घेर्न थाल्यो अब,

उल्टो पाल्टो मौसमको पालो भयो भने ॥

- 'धर्तीको गीत-३'

पहाडमा पहिरो झर्नुमा पनि,

अतिवृष्टि, अनावृष्टि पर्नुमा पनि ।

मान्छेकै गल्ती छ कि झैं लाग्छ अचेल,

प्रकृतिले यो तमासा गर्नुमा पनि ॥

- 'धर्तीको गीत'

एउटा कवि त्यसमाथि पढाइको विषयमा रूखबिरुवा र वातावरण । विषयको पल्लै छेउमा पुगेपछि वातावरण जोगाउन झन् धेरै लागेको कुरा यी मुक्तक पढेपछि थाहा पाइन्छ । प्रकृतिमाथि मान्छेको आक्रमण जति धेरै हुन्छ, त्यसको परिणाम कुबेलाको मौसम परिवर्तनबाट हामीले थाहा पाइरहेकै छौं तर प्रकृतिलाई यस्तो हुनबाट जोगाउन सकेका छैनौं । बिग्रिएको आजको समयलाई बिगार्ने हात हामी मान्छेकै हुन् र जुन कुरा बेमौसममा भएको अनावृष्टि, अतिवृष्टिले देखाइरहेकै छ ।

साधारण कुराबाट सुरु गरेर पाठकलाई भित्रैसम्म पुऱ्याएर हल्लाउने क्षमता साहित्यकार डा.बस्ताकोटीमा छ । यी माथिका लाइनले प्रकृतिलाई यस्तो बनाउन हामी मान्छे चाहिं कति दोषी छौं भन्ने कुरा गम्भीर भएर सोच्न बाध्य बनाइएको छ ।

धेरै त पर्दैन अलिकति मात्र फेरौं अब,

पात्रो फेरिएसँगै अलिकति हिजोका पात्र फेरौं अब ।

चित्र फेर्दैमा भित्र त फेरिने रहेनछ देखियो,

सकिन्छ भने अलिकति चरित्र फेरौं अब ॥

- 'नयाँ वर्ष'

नयाँ वर्ष शीर्षकको यो मुक्तकले हरेक वर्ष ठूला-ठूला भाषण गर्ने तर विकासको नाममा विनाश मात्र गर्ने उही बानी र उही व्यवहार बोकेका मान्छेहरू ओहोदामा पुगेर उस्तै बासी र रोगी विचारमा नयाँ खोल हालेर जनतालाई झुक्याइरहेको देख्दादेख्दा आजित मनहरूमा अलिकति आशा र भरोसाका पुल निर्माण गर्न खोजेको छ ।

यस्ता विचार सुन्ने र बुझ्ने ओहोदामा पुगेका मान्छे साँच्चै भइदिएको भए यसरी लेखिरहनुपर्ने थिएन होला । तर नभएपछि सबैकुरा रित्तिए पनि आशा रित्याउन हुँदैन भनेर लेख्नेहरूले लेखिरहनुपर्छ जस्तो लाग्छ ।

कहिले यसका लागि भयौं, कहिले उसका लागि भयौं,

कोही पहाडका लागि भयौं, कोही मधेशका लागि भयौं ।

आफ्ना माग राखिरह्यौं घरीघरी, बुढीगाईको बाच्छाले झैं गरी,

उदेक लाग्छ सम्झँदा पनि, खै को कतिबेला देशका लागि भयौं ?

- 'हामी'

आफ्नै स्वार्थका लागि आज एउटा पार्टीमा कुद्ने, त्यसबाट माखो नमर्ने देखेपछि भोलि अर्को पार्टीमा कुद्ने मान्छेहरूको चरित्रलाई यो मुक्तकले विस्तारै तर मर्मसम्मै पुऱ्याएर भनेको छ । अझ जनताको ध्यान केन्द्रित गर्न कहिले पहाडलाई त कहिले मधेशलाई उचालेर आफ्नै माग तेस्याइरहने तर देश उचाल्न कसैले सिन्को नभाँच्ने तैपनि मैले नै पिठ्यूँमा देश बोकेर हिंडेको छु भन्न पछि नपर्ने मान्छेहरूको प्रवृत्तिलाई यो मुक्तकले देखाएको छ । यस्ता प्रवृत्तिका मान्छेलाई कुनबेला निस्वार्थ रूपले तिमीहरूले देशका लागि सोचेका छौ, एकपल्ट आफैंले आफैंलाई छामेर हेर त ! भन्ने सन्देश दिएको छ ।

कहिले गाउँ दुख्छ, कहिले शहर दुख्छ,

कुर्दाकुर्दै देउरालीमा सान्नानीको रहर दुख्छ ।

जब जहाज चढेका सपना बन्द बाकसमा फर्कन्छ,

तब के दुख्दैन यहाँ, सबको घरघर दुख्छ ॥

-'घरघर दुख्छ'

दिनदिनै रोजगारीका लागि विदेशको दैलोमा खुट्टा राख्न आतुर युवा जमातलाई भविष्यको आश देखाउने भरपर्दो जनतामुखी सरकारको अभाव सबैलाई खट्किएकै छ । सबै मिठैमिठोको मात्र सपना देखाउनेले कहिलेकाहीं तितो, टर्रो र हृयदविदारक पनि हुनसक्छ भनेर कहिल्यै भन्दैनन् । डाँडामुनि के छ के छ नपुगी देखिंदैन तर सरकारी ओहोदामा रहेकालाई त्यही डाँडामुनि पुऱ्याउन सधैं हतार भएको आज देशको अवस्था छ । जानेहरू सबैलाई विदेशी रोजगारीले खुशी दिंदैन ।

भएको जेथो बेचबिखन गरी हजार सपना बोकेर हिंडेका कसैका छोराछोरी त कसैका जीवनसाथी बाकसमा बन्द भएर फर्केको दर्दनाक अवस्था देख्दा कुन आमाबाबुको मनमा पहिरो जाँदैन होला ? कुन महिलाको हृदय दुख्दैन होला र ? तिनै अभागी मनहरू जसको विपनाकै आकाश खसेर घर पुरिएको बेलाको चित्रण गरेको यो मुक्तक पढ्दा जो कोहीलाई पनि भावुक बनाउँछ ।

एकाबिहानै उसले पुरस्कार किन्नुस् भन्यो,

खल्ती छामेर मात्रै आफ्नो प्रतिभा चिन्नुस् भन्यो ।

कला संस्कृतिको मठाधीश मै हुँ झैं गरी,

सम्मानित हुनुछ भने दस्तुर पो दिनुस् भन्यो ॥

-'पुरस्कार'

आज लेखेर भोलि छाप्ने र पर्सि पुरस्कारका लागि साम र दाम नै दिन खोज्नेहरूको प्रवृत्तिलाई मीठो झापड हानेको छ यो मुक्तकले । दुःखको कुरा आजकल पुरस्कार किनबेच भएको सुनिन्छ । बजारमा राखिएका यस्ता नक्कली पुरस्कारको व्यापार देख्दा कतै सक्कली पुरस्कारहरू पनि यो भेलबाट बच्न सफल छन् त ? प्रश्नचिह्न खडा गरेका छन् ।

नबोली पछि लागें, ती सबै हजुरकै लागि भए,

चित्त बुझेन बोलें, ती वर्षौंका लागि बागी भए ।

लोकतन्त्रमा लोकले नचाहे पनि हुने हो र हजुर,

जो जो भए ती धेरै त आखिर सीमा नाघी नै भए ॥

-हजुरकै लागि

तपाईं को हो र महाशय, तपाईंलाई कतै छुनै नहुने,

जे गर्नुस् आफूखुशी शंका भने गर्नै नहुने ।

नबिराउनु नडराउनु किन कुर्लनुहुन्छ आफैं नांगिएर,

कस्तो लोकतन्त्र हो महाशय प्रशंसा बाहेक सुन्नै नहुने ॥

-विसंगति-४

यी दुई मुक्तकमा एउटाले विस्तारो झटारो हानेको छ, देश बनाउँछु भनेर गएका अगुवा भन्नेहरूलाई । जो उसका कार्यकर्ताबाट प्रशंसाबाहेक सुन्नै सक्दैन । अर्कोले अति भएपछि चार हुन्छ भनेजस्तो सहँदा-सहँदा अचाक्ली भएपछि ठाडै गाली नै गरेको छ ।

साहित्यकार बस्ताकोटीका १२५ मुक्तक सबैको आ-आफ्नै विशेषता छन् । धर्तीको गीतबाट सुरु भएका उहाँका मुक्तकहरू बा-आमामा समर्पित भएर टुंगिन्छन् ।

बा-आमामा समर्पित मुक्तकहरूले घर छोडेर टाढा गएका सन्तानहरू दिनदिनै जाँगर हराउँदै गएका आफ्ना बा-आमाको नजिक हुन नसकेर सामाजिक सञ्जालमा टाँसेका तस्बिरहरूमा सीमित हुनुपरेको अहिलेको तितो सत्यलाई नढाँटी बोलेका छन् । जुन मुक्तकहरूले बाहिर हुने सबै छोराछोरीलाई छुन्छन् नै ।


परिस्थितिसँग सम्झौता गर्नको विकल्प नरहेको अवस्था गुँड छोडेर गएकाहरू सबैजसोको यथार्थ हो । यहाँ भएका धेरैजसो मुक्तकहरू बिग्रिएको मति सपार्न र उल्टो भएको विकासको गतिलाई सुल्टो बनाउन बोलेका छन् । भन्छन्, सबै कुरा सकिए पनि आशा कहिल्यै सकिंदैन र सकिनु पनि हुन्न । यसले मान्छेलाई अगाडि बढ्न हौसला दिइरहन्छ ।

एउटा सच्चा कवि वर्तमानबाट भाग्न सक्दैन । वर्तमान सबै नराम्रा कुराले मात्र भरिएको हुँदैन त्यहाँभित्र माया-प्रेम, सुख-दुःख सबै समेटिएका हुन्छन् । यो मुक्तक संग्रह पनि वर्तमानको दस्तावेज हो । यसमा समाजमा भएका माया, प्रेम, संगति, असंगति र विसंगतिका थुप्रै पाटा देख्न सकिन्छ ।

लेखकले त बिग्रिएका कुरा बनून्, राम्रा कुरा जोगिउन् भनेर लेख्नुपर्छ कसैको लागि पाच्य होस् या अपाच्य । यी कुराहरू नै साहित्यकार बस्ताकोटीको मुक्तक संग्रहमा पढ्न पाइन्छन् । सूक्ष्मतामा संसार अटाउन सक्ने क्षमता बोकेका उहाँका कुनै पनि शीर्षकका मुक्तकमा त्यसको चित्रलाई जरैसम्म गएर हेर्न सकिन्छ । साहित्यकार विवश बस्तीले भनेझैं माया, प्रेम, निराशा, आशा, दुःख, सुख सबै अटाएका छन् यो संग्रहभित्र ।

उहाँ आफैंले भने जस्तै 'लेख्छु भनेर लेखिएका मुक्तक यी होइनन् । देश, काल र परिवेश अनुसार जिउने क्रममा अनुभूतिका अक्षरहरू आफैंआफैं कुँदिए आफैंआफैं लेखिए ।' त्यही भएर त होला यी मुक्तक पढिरहन मन लाग्छ । यिनीहरूका बारेमा बोलिरहन र लेखिरहन मन लाग्छ तर सबै सम्भव हुँदैन ।

(हाल: अमेरिका)




## दशैं



नारायण नेपाल

दशैं
थाहा छ ?
आहा छ ।
फेरि फर्केझैं छ खोला,
वसन्त कम्लाएर होला,
बेग्लै सजिएका छन्,
गाउँशहर तथा वनपाखाहरू,
मादल अनि सारङ्गीसँगै,
गुञ्जिएका छन् भाकाहरू ।
शारदी मातमा,
सर्जकीय बातमा,
नाच्नथालेको छ मन,
प्रेमिल भावका मुजुरसँगै,
धड्किनथालेको छ मुटु,
स्निग्ध आश्थाको गजुरसँगै ।
बडाको आशिर्वाद,
अन्यको माया,
चौतारीको छायाँमा मुछी
टीका र जमराको मानमा
राष्ट्रियताको शानमा
खेल्दै सपनाको पीङ
भैँसी न सिङ ।

## अमेरिकी तथा अष्ट्रेलियन डलरसहित पक्राउ

काठमाडौं । काठमाडौं महानगरपालिका-९ त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थलबाट अवैध रुपमा लुकाई लैजान लागेका अमेरिकी डलर १ सय दरको १ सय ५७ थान र अस्ट्रेलियन डलर १ सय दरको ५ सय ८४ थान सहित थाइल्याण्ड नागरिक राहदानी ३८ वर्षीय PONGPHOJ SINSUWAN लाई शनिबार राति पक्राउ गरेको छ ।

फ्लाई दुबईको उडानद्वारा काठमाडौंबाट दुबई जान लागेका उनलाई विमानस्थलको अन्तर्राष्ट्रिय उडानतर्फको प्रस्थान ह्याण्ड ब्यागेज चेकिङ एरियाको एक्सरे मेसिनमा जाँच गर्ने क्रममा उनले बोकी आएको ह्याण्ड ब्यागभित्र उक्त नगद फेला पारी प्रहरीले पक्राउ गरेको हो । उनलाई आवश्यक अनुसन्धान तथा कानूनी कारवाहीका लागि प्रहरी वृत्त गौशालामा पठाएको छ ।

# ग्रेटवाल मोटरको हाभल जोलायनलाई प्रतिष्ठित एनक्याप २०२२ सेफ्टी रेटिङमा फाइभ-स्टार प्राप्त

ग्रेटवाल मोटर अर्थात जीडब्लुएमको हाभल जोलायनलाई अष्ट्रेलेसियन न्यू कार एसेसमेन्ट प्रोग्राम (एनक्याप) द्वारा अधिकतम फाइभ-स्टार सेफ्टी रेटिङ प्रदान गरिएको छ ।

सो परीक्षणमा जीडब्लुएम हाभल जोलायनलाई विभिन्न सम्भावित दुर्घटनामा जाँच गर्नका साथै उक्त दुर्घटनामा गाडीमा सवार ड्राइभर र यात्रुको सुरक्षाको परीक्षण गरिएको थियो । यसका साथ साथै अरु गाडीहरुसँग ठोकिदा वा पैदलयात्री तथा साइकल चालकहरुको सुरक्षाका लागि पनि मुल्यांकन गरी उक्त रेटिङ प्रदान गरिएको हो ।

एनक्याप सेफ्टी रेटिङ एनक्यापको २०२०-२०२२ प्रोटोकल अन्तर्गत कडा परीक्षण र जाँच पछि दिइएको हो । हाभल जोलायन जीडब्लुएमका गाडीहरुमा यो फाइभ स्टार रेटिङ पाउने तेस्रो गाडी भएको छ एनक्यापका प्रमुख कार्यकारी अधिकृत, कार्ला हरवेगले भने । थर्ड जेन हाभल एच सिक्स र जीडब्लुएम पिक-अप क्यानन (केही अन्य अन्तर्राष्ट्रिय बजारहरूमा पावर वा पी - सिरिज पनि भनिन्छ) ले पहिले नै एनक्यापबाट फाइभ स्टार रेटिङ प्राप्त गरिसकेका छन् ।

जीडब्लुएम गाडीले सुरक्षामा दिएको जोड र यस सम्बन्धित सुविधा तथा फिचरहरुका साथ प्रिमियम ड्राइभबिलिटीले विश्वभरका उपभोक्ताको राजाईमा पर्ने विश्वास लिइएको बताएको छ ।

नेपालमा भीजी इम्पेक्स ग्रेटवाल मोटरको आधिकारिक आयातकर्ता हो । वर्षौंदेखि चीनका साथै विश्वको ६० भन्दा बढी राष्ट्रहरुमा अत्याधिक सफलताको आनन्द लिएपछि भीजी इम्पेक्स/ग्रेटवाल मोटर नेपालले यी लोकप्रिय गाडीहरु नेपाल ल्याउन सफल भएको बताएको छ ।

ग्रेटवाल मोटर नेपालले आफ्ना बिक्री र बिक्री पछिको स्तरीय सेवाहरुलाई पनि निरन्तर स्तरोन्नति गर्दै देशव्यापी नयाँ बिक्री केन्द्रहरु थप्दै सेवा सुविधाहरुमा वृद्धि ल्याइरहेको छ । कम्पनीले उपभोक्ताहरुलाई नयाँ र वृहत सेवाहरु प्रदान गर्ने र नेपालको इलेक्ट्रिक भेइकल इकोसिस्टमलाई अगाडि बढाउनमा केन्द्रित रहेको बताएको छ ।




# यामाहाको नयाँ डिलर बत्तीस पुतलीमा खुल्यो

काठकाडौ । यामाहाले नयाँ डिलर थप्ने क्रममा बत्तीस पुतलीमा नयाँ डिलरको स्थापना गरेको छ। नेपालमा लामो समयदेखि बाइक र स्कुटर बेच्दै आउको कम्पनी भएका कारण यामाहा ब्राण्डले डिलर स्थापना गर्दै सेवा दिन लागेको उल्लखे गरेको छ ।




उसले भनेको छ, सधैब आम ग्राहकहरूको माग र आस्था पुर्तिका खातिर सजग र तत्पर रहँदै आएको छ। देशभरका ग्प्रहकलाई गुणस्तरिय सेवा प्रदान गर्ने चुनौतिलाइ आत्मसाथ गर्दै बिश्वस्तरिय संरचना मार्फत गुणस्तरिय सेवा प्रवाहमा १०९ स्थान बाट अनबरत लागि परेका छौं ।

जुन कुराले यामाहा आफ्ना ग्राहकवर्ग र शुभचिन्तकहरू प्रति सदैव निष्ठावान् र प्रतिबद्ध रहेको पुष्टयाउदछ भनि उल्लेख गरेको छ ।

देशभर १०४ डिलर र ८ वटा शाखा शोरूमबाट वर्षौंदेखि सेवा प्रदान गर्दै आएको यामाहाले आफ्नो नयाँ शोरूम बत्तीस पुतलीमा खोल्न सफल भएको कुरा याहाँहरुमाझ जानकारी गराउन पाउँदा उत्साहित एवम् हर्षिविभोर छौ । साथै देशकै मुटुमा अवस्थित यस बत्तीसपुतली शोरुम देखि सकेसम्म धेर ग्राहकहरूको आवश्यकतालाई सम्बोधन हुनेछ भन्ने कुरामा बिश्वस्थ रहेका छौ कम्पनीले भनेको छ ।

बिगत एक बर्ष देखि सञ्चालनमा आएको यस नयाँ शोरूमले अन्य शोरुममा जस्तै आधुनिक प्रविधि एफ. अई. स्टेसनमार्फत बाइक तथा स्कुटर हरुको हेल्थ कार्ड मार्फत प्रविधिको उच्चतम प्रयोग गरी सेवा प्रदान गरिर हेको छ। साथै यहाँ देखि सेल्स, सर्विस र स्पर्स पार्ट्सका सेवाहरू पुर्ण गुणष्तर का साथलिन सकिने कुराको आस्वस्थ पार्न चाहान्छौं ।

# एरोमा इलेक्ट्रिक स्कुटर बिक्री शुभारम्भ हुँदै, यस्तो छ विशेषता

विगत ५ बर्ष देखि विद्युतीय तीन पाँग्रे सवारीसाधन आयात गरी त्यसको बिक्री तथा बिक्री पछिको सेवा दिँदै आइरहेको आरोग्य मोटर्सले विद्युतीय दुइ पाँग्रे सवारीसाधनको बिक्री शुभारम्भ गर्न लागेको बताएको छ ।

नै ब्राण्ड नेम राखेर आयात तथा बिक्री वितरणको व्यवस्था मिलाइएको कम्पनीको भनाइ छ । हालसम्म काठमाडौं, दाङ्ग, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लाका विभिन्न शहर

ती स्कुटरहरुमा ७२ भोल्टका ५० तथा ६० एएच लिथियम ब्याट्री प्याक उपलब्ध हुनेछन् । ५० एएच ब्याट्री प्याक भएका स्कुटरको मुल्य २ लाख ५८ हजार र ६० एएच ब्याट्री प्याक भएको स्कुटरको मुल्य २ लाख ७२




वातावरणीय प्रभावको सँगसँगै प्रविधिमा भएको आमुल विकासले विश्व बजार नै विद्युतीय सवारीसाधनको उत्पादन तथा प्रयोगमा अघि बढिरहेको परिप्रेक्षमा यो कदम चालिएको कम्पनीको भनाइ छ । चीनबाट पार्ट्स ल्याई नेपालमा नै एसेम्बल गरेर नेपाली ब्राण्ड ( एरोमा) को नाममा तीन पाँग्रे सवारीसाधन बिक्री गर्दै आइरहेकोमा हाल दुई पाँग्रे सवारीसाधन पनि एरोमा

तथा बजारमा डिलर तथा शाखा कार्यालयहरु रहेका छन् भने अन्य शहरमा नयाँ डिलर नियुक्तिको प्रकृया अघि बढाइएको छ । आगामी महिना भरीमा काठमाण्डौं उपत्यका लगायत नेपालका सातैवटा प्रदेशमा डिलरहरु विस्तारको तयारी भइरहेको कम्पनीको भनाइ छ । पहिलो चरणमा एरोमा स्कुटरका विभिन्न ३ मोडेल र ५ रङ्गहरुमा बजारमा उपलब्ध हुनेछन् । ३००० वाट क्षमताको मोटर जडित

हजार रुपैयाँ राखिएको छ । यसै महिनाको १२ गते देखि ती स्कुटरहरु ग्राहकलाई क्रमश: वितरण गर्ने गरी तयारी गरिएको कम्पनीको भनाइ छ । २ घण्टा भन्दा कम समयमा फुल चार्ज गर्न सकिने डेडिकेटेड चार्जर यसमा उपलब्ध हुनेछ । एक पटकको फुल चार्जमा करिब १५० किलोमिटर सम्मको रेन्ज दिने भएकाले पनि धेरैको रोजाईमा एरोमा स्कुटर पर्नेमा कम्पनी विश्वस्त भएको बताइएको छ ।

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं । चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं । मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस